# विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्र

शिक्षा मन्त्रालय

शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमितिको प्रतिवेदन

२०५८

माननीय मन्त्रीज्यू
शिक्षा तथा खेलकुद मन्त्रालय,
केसरमहल, काठमाण्डौँ ।

माननीय मन्त्रीज्यू,
विद्यालय शिक्षालाई अझ व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा विद्यालयहरुले सङ्कलन गरिरहेको शुल्कहरुको औचित्य, निजी तथा आवासीय विद्यालयहरुको शुल्क, विद्यालयहको सञ्चालन अनुमति, शिक्षकहरुको सेवा, शर्त र सुविधा, पाठ्यक्रम र पाठ्यपुस्तक, विद्यालयको भौतिक पूर्वाधार सम्बन्धी शर्त, आर्थिक पारदर्शिता जस्ता विषयहरुमा समस्या समाधानका लागि अपनाउनु पर्ने कार्यनीति निर्माण र तदनुरुप प्रभावकारी कार्यक्रम तर्जुमा लगायत व्यवस्थापकीय पक्षमा गरिनु पर्ने सुधारका विषयमा ठोस र व्यवहारिक सुझाव सहितको प्रतिवेदन पेश गर्न मेरो अध्यक्षतामा गठन गरिएको उच्चस्तरीय कार्य समितिले तोकिएको अवधिभित्रै कार्य सम्पन्न गरी माननीय मन्त्रीज्यू समक्ष प्रतिवेदन प्रस्तुत गर्न पाएकोमा हर्षित छु।यस प्रतिवेदनले सुझाएका मुलभूत कुराहरुलाई कार्यरुपमा लागू हुने विश्वासका साथ कार्ययोजनाका आधारहरु समेत किटान गरी विस्तृत रुपमा प्रतिवेदन तयार पारिएको छ।वर्तमान अवस्थामा देखा परेका शैक्षिक समस्यालाई समाधान गर्ने मूल मनशायले गठन गरिएको यस उच्चस्तरीय कार्यसमितिले आवश्यक देखेका सम्बद्ध पक्षसँग छलफल समेत गरी तयार पारिएको यो प्रतिवेदन देशको शिक्षा विकासको लागि मेरुदण्ड हुने कुरामा विश्वास लिएको छु। प्रतिवेदन तयारीको क्रममा मन्त्रीज्यूबाट प्राप्त सहयोग प्रति आभार व्यक्त गर्दै प्रतिवेदनका सुझावहरु कार्यान्वयनको लागि अनुरोध समेत गर्दछु।

आषाढ १३ २०५८

डा निर्मलप्रसाद पाण्डे
अध्यक्ष
शिक्षा सम्बन्धी उच्चस्तरीय कार्य समिति
एवम्
सदस्य, राष्ट्रिय योजना आयोग

शिक्षा

# भूमिका

१ प्रजातन्त्र पुनर्स्थापना पछि राष्ट्रिय शिक्षा आयोग २०४८ सालमा गठन भई यसले आफ्नो प्रतिवेदन २०४९ मा बुझायो।२०४९ को उक्त प्रतिवेदन समेत पुनरावलोकन गरी शिक्षा सुधारका लागि सुझाव दिन २०५४ सालमा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको गठन भई २०५५ मा उक्त आयोगले पनि आफ्नो प्रतिवेदन प्रस्तुत गर्‍यो।राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ को सुझाव कार्यान्वयन सम्बन्धी कार्ययोजना टोलीले २०५६ मा आफ्नो कार्ययोजना पेश गर्‍यो। यसै गरी २०५५ सालमा गठन भएको निजी क्षेत्रका विद्यालयको व्यवस्थापन सम्बन्धी अध्ययन समूह गठन भई यसले आफ्नो प्रतिवेदन बुझायो।शिक्षा सम्बन्धी यस्ता अनेकन अभ्यास भइसक्दा पनि शिक्षाका अन्यौलताहरु र विसङ्गतिहरु यथावत छन्।

२. विद्यालय शिक्षालाई अझ व्यवस्थित प्रभावकारी र पारदर्शी बनाउने उद्देश्यले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि तथा विद्यालयहरुले सङ्कलन गरिरहेका शुल्कहरुको औचित्य, निजी तथा आवासीय विद्यालयहरुको शुल्क, विद्यालयको सञ्चालन अनुमति, शिक्षकहरुको सेवा, शर्त र सुविधा, पाठ्यक्रम, पाठ्यपुस्तक, विद्यालयको भौतिक पूर्वाधार सम्बन्धी शर्तहरु, आर्थिक पारदर्शिता आदि विषयहरुमा समस्या समाधानका लागि अपनाउनु पर्ने कार्यनीति निर्माण र तदनुरुप प्रभावकारी कार्यक्रम तर्जुमा लगायत व्यवस्थापकीय पक्षमा गरिनु पर्ने सुधारका विषयमा ठोस र व्यावहारिक सुझाव सहितको प्रतिवेदन ३५ दिनभित्र पेश गर्न श्री ५ को सरकारले मिति २०५८।१।२९ मा देहाय बमोजिमको शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यसमितिको गठन गरेको थियो :

| | | |
|---|---|---|
| (१) | मा.डा. निर्मलप्रसाद पाण्डे, सदस्य राष्ट्रिय योजना आयोग | – अध्यक्ष |
| (२) | डा. मनप्रसाद वाग्ले, शिक्षाविद् | – सदस्य |
| (३) | डा. शिवराज लोहनी, शिक्षाविद् | – सदस्य |
| (४) | श्री चुमानसिंह बस्नेत, महानिर्देशक, शिक्षा विभाग | – सदस्य |
| (५) | श्री रामसरोवर दुवे, सहसचिव, शिक्षा तथा खेलकुद मन्त्रालय | – सदस्य सचिव |

कार्य समितिमा सहयोगी भूमिका निर्वाह गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले उपसचिवद्वय, रामप्रसाद बस्याल र चिरञ्जीवी खनाल, एवम् शाखा अधिकृत विदुरराज गिरीलाई तोकेको थियो। समितिले ३५ दिनभित्र प्रतिवेदन पेश गर्न केही कठिनाई महशुस गरी म्याद थपका लागि अनुरोध गरेकोमा अर्को १० दिनको म्याद थप पाएको थियो।

३ प्रस्तुत सुझाव प्रतिवेदन तयार गर्ने क्रममा कार्यसमितिले देहायको अध्ययन विधि अपनाएको छः

१ सन्दर्भ सामग्रीको अध्ययनः

क राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९

ख उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५

ग निजी क्षेत्रका विद्यालयको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन, २०५५

घ राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को सुझाव कार्यान्वयन सम्बन्धी कार्ययोजना २०५६

ङ शिक्षा ऐन, २०२८

च शिक्षा नियमावली, २०४९

छ शिक्षा (सातौं संशोधन) विधेयक, २०५७

ज अन्य सान्दर्भिक सामग्रीहरु

२ छलफलः कार्यसमितिले विद्यार्थी, शिक्षक, अभिभावक, निजी विद्यालयका प्रतिनिधि, संस्था लगायत विभिन्न शिक्षाविद्, वुद्धिजिवी, राजनैतिक दलका प्रतिनिधि, केही पूर्व शिक्षामन्त्रीहरु साथै उपप्रधानमन्त्री, भूतपूर्व र वर्तमान अर्थमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका उपाध्यक्षसँग समेत अन्तरक्रिया र छलफल गरेको छ।

३ प्रेसः सार्वजनिक सञ्चार माध्यमबाटसमेत सुझाव प्रतिक्रिया माग गरी त्यस्ता सुझाव प्रतिक्रियाहरुको समेत अध्ययन र विश्लेषण गरिएको छ।

४ स्थलगत अध्ययनः कार्यसमितिले प्रतिवेदन तयारीको क्रममा उपत्यकास्थित जिल्ला शिक्षा कार्यालय र केही निजी तथा सार्वजनिक विद्यालयहरुको स्थलगत अध्ययन गरेको छ।

४ शिक्षा सम्बन्धी समस्याहरुलाई विश्लेषण गर्दा ३ वटा मुद्दाहरु प्रमुख रुपमा रहेको भेटिन्छः

१ सार्वजनिक विद्यालयको गुणस्तर बढ्न नसक्नु,

२ निःशुल्क शिक्षा वास्तविकरुपमा निःशुल्क हुन नसक्नु,

३ निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरु नियमितताको रुपरेखाभित्र रही सञ्चालन हुन नसक्नु।

५ सार्वजनिक विद्यालयको गुणस्तर वृद्धि हुन नसक्नुमा निम्न कारक तत्वहरु रहेको विभिन्न अध्ययनहरुले देखाएका छन् :

१ शिक्षामा व्यापक राजनीतिक हस्तक्षेप

२ विद्यालयमा पेशागत दक्षता र नेतृत्व दिने क्षमता भएका प्रधानाध्यापकहरुको कमी

शिक्षा मन्त्रालय

    ३ सम्पूर्ण शिक्षा प्रणालीको केन्द्रीकरण
    ४ सङ्गठनात्मक संरचनाबाट सेवा प्रदान गर्ने निकायहरुको समन्वय र जवाफदेहीताको कमी
    ५ योग्य, सक्षम, तालिम प्राप्त र कामप्रति झुकाव भएका शिक्षकको कमी
    ६ समुदाय र विद्यालयबीत समन्वयको अभाव तथा समूदायमा विद्यालयप्रतिको अपनत्व नहुनु
    ७ कमजोर सुपरीवेक्षण एवम् अनुगमन संयन्त्र
    ८ परीक्षामुखी पाठ्यक्रम र शिक्षण पद्दतिमा जोड
    ९ विद्यालयको बजेटका अधिकांश रकम तलवमा खर्च हुने र गुणात्मक शिक्षामा खर्चको अभाव
    १० सिकाइमुखी शिक्षण पद्दतिले प्राथमिकता नपाउनु

६ माध्यमिक शिक्षा सम्म निःशुल्क भनिएता पनि शिक्षा नियमावली २०४९ ले पूर्णतया निःशुल्कको अवधारणा नराखेको हुँदा विद्यालय, अभिभावक र समुदायमा अन्यौलता भएको पाइन्छ।देशको आर्थिक स्थितिलाई समेत दृष्टिगत गरी निःशुल्क शिक्षाको परिभाषा र त्यसमा सरकारको दायित्व स्पष्ट हुन सकेको छैन।

७ निजी क्षेत्रलाई प्रोत्साहन दिने उदार अर्थनीतिको परिप्रेक्षमा निजी विद्यालयहरुको संख्यात्मक वृद्धि हुन पुग्यो। यस्तो विकास हुनुमा ३ प्रकारका अवधारणा रहेको पाइन्छः

१ सार्वजनिक विद्यालयले धान्न नसकेको चापलाई पूरा गर्न

२ सामाजिक आर्थिक विविधता भएको कारणले गर्दा समाजमा फरक रुची भएका मानिसको आवश्यकता पूर्ति गर्न

३ सार्वजनिक विद्यालयहरुको गुणस्तरमा वृद्धि हुन नसक्नाले

८ यी जुनसुकै अवधारणाहरु स्वीकार गरेता पनि नेपालमा निजी विद्यालयबाट प्रदान गरिने शिक्षाको आवश्यकता बारे दुइमत छैन। यसमा खास मुद्दा भनेको यी विद्यालयहरुमा स्वच्छ प्रतिस्पर्धा गराई सर्वसाधरण अभिभावकहरुको चाहनालाई संरक्षण गर्न कस्तो नियमितताको रुपरेखा अधिनमा रही सञ्चालन गर्नु आवश्यक हुन्छ भन्ने हो।

९ उपर्युक्त कुरालाई ध्यानमा राखी यस समितिले देहाय बमोजिम १६ वटा विषय वस्तुहरुलाई आफ्नो अध्ययनको क्षेत्र बनाएको छः

१ विद्यालयका प्रकार

२ निःशुल्क शिक्षा

३ विद्यालयको भौतिक सुविधा

४ पाठ्यक्रम पाठ्यपुस्तक

५ परीक्षा प्रणाली

६ शिक्षक व्यवस्थापन

७ विद्यालय व्यवस्थापन

८ प्रधानाध्यापक

९ विद्यालय/समुदाय सम्बन्ध

१० स्थानीय निकायको भूमिका

११ संगठनात्मक संरचना र जवाफदेहिता

१२ स्रोत र साधन

१३ आर्थिक पारदर्शिता

१४ सामाजिक दायित्व

१५ विद्यालयको नियमितताको रुपरेखा

१६ समुच्च कार्यान्वयनको व्यवस्था

१७ निष्कर्ष

१० प्रस्तुत प्रतिवेदनले पहिचान गरेका प्रत्येक विषयवस्तुहरुलाई देहायका शीर्षकहरुमा विभाजन गरी प्रस्तुत गरिएको छ।

क पृष्ठभूमि

ख विद्यमान समस्याहरु

ग रणनीति/कार्यनीतिहरु

घ कार्य योजनाको आधार

११ कार्य योजनामा समावेश भएका कार्यहरु सम्पन्न गर्ने अवधिलाई तत्कालीन, अल्पकालीन र दीर्घकालीन गरी ३ भागमा विभाजन गरिएको छ। तत्कालीनले ६ महिनाभित्र भन्ने जनाउँछ भने अल्पकालीनले क्रमशः २ वर्षभित्र र दशौं पञ्चवर्षीय योजना अवधि भन्ने जनाउँछ।

१२ प्रतिवेदन तयार गर्ने क्रममा कार्यसमितिलाई उल्लेखनीय सहयोग पुऱ्याउनु हुने शिक्षा तथा खेलकुद मन्त्रालयका नासु श्री दिवाकर लुइंटेल र शिक्षा विभागका नासु प्राविधिक श्री ओम शर्मा प्रति यस समिति विशेष आभार व्यक्त गर्दछ।

१३ अन्त्यमा, कार्यसमितिलाई विभिन्न रचनात्मक सुझाव, प्रतिक्रिया उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने र समितिसँग औपचारिक एवम् अनौपचारिक छलफल तथा अन्तरक्रियामा भाग लिई सक्रिय योगदान पुऱ्याउनु हुने शिक्षाक्षेत्रसँग सम्बन्धित पदाधिकारीहरु, शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षाविद्, वुद्धिजिवी, राजनीतिक दलका प्रतिनिधिहरु लगायत, सर्वसाधरण जनताप्रति कार्यसमिति सादर आभार व्यक्त गर्दछ।कार्यसमितिको सुझावहरुलाई श्री ५ को सरकारद्वारा प्रतिवद्धता पूर्वक कार्यान्वयन हुने कुरामा विश्वस्त हुँदै देशको शिक्षा क्षेत्रका समस्याहरुले उचित निकास पाउने कुरामा यस कार्यसमिति ढुक्क छ।

आषाढ १३, २०५८

शिक्षा मन्त्रालय

शिक्षा मन्त्रालय

# सारांश

१ विद्यालयस्तरको शिक्षाको विकृति र विसङ्गतिका विरुद्ध विद्यार्थी, अभिभावक, शिक्षक, वुद्धिजिवी, राजनीतिज्ञ र सर्वसाधरणबाट समेत सुधारका लागि आवाज उठिरहेको वर्तमान सन्दर्भलाई दृष्टिगत गरी विद्यालय शिक्षालाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन अपनाउनु पर्ने कार्यनीति र कार्यक्रम निर्माण गर्ने सम्बन्धमा ठोस र व्यवहारिक सुझाव सहितको प्रतिवेदन पेश गर्न यो उच्चस्तरीय कार्यसमितिको गठन गरिएको हो।

२ यस समितिले सिफारिश गरेका रणनीति र कार्यनीति सम्बन्धी मुख्य मुख्य बूँदाहरु देहाय बमोजिम रहेका छन्:

क विद्यालय शिक्षा सामुदायिक विद्यालय र संस्थागत विद्यालय गरी दुइप्रकारका विद्यालयहरुबाट प्रदान गरिनेछ र विद्यालयहरुलाई बस्तुगत मापदण्डका आधारमा श्रेणीगत विभाजन गरिनेछ। सामुदायिक विद्यालय पनि सरकारी अनुदान लिने र नलिने गरी २ प्रकारका हुनेछन्।हालको सार्वजनिक विद्यालयहरु सरकारी अनुदान पाउने सामुदायिक विद्यालयको रुपमा रुपान्तरित गरिनेछ। यस्ता सरकारी अनुदान पाउने सामुदायिक विद्यालयहरुलाई सरकारी अनुदान नपाउने सामुदायिक विद्यालयका रुपमा क्रमशः परिणत गर्न प्रोत्साहन गरिनेछ।हाल सञ्चालित निजी विद्यालयहरुलाई संस्थागत विद्यालयको रुपमा रुपान्तरित गरिएको छ।

ख सामुदायिक विद्यालयमा प्राथमिक तहको शिक्षा पूर्णतया निःशुल्क हुनेछ र यस्तो निःशुल्क शिक्षामा धरौटी, एकमुष्ट, मासिक, परीक्षा वा अन्य कुनै प्रकारको शुल्क लिन पाइने छैन।

ग संस्थागत विद्यालयले प्राथमिक तहमा श्री ५ को सरकारले गर्ने प्रति विद्यार्थी लागतमा नबढाई शुल्क उठाउन सक्नेछ। यसको अतिरिक्त विद्यालयको श्रेणी अनुसार संस्थागत विकास रकम उठाउन पाइनेछ। यी बाहेक प्राथमिक तहमा भर्ना हुने विद्यार्थीहरुबाट अरु कुनै पनि शुल्क उठाउन पाइने छैन।

घ निम्नमाध्यमिक र माध्यमिक शिक्षामा हाल सार्वजनिक विद्यालयहरुलाई दिइंदै आएको अनुदान यथावत राखीनेछ। यसबाट विद्यालय शुल्कमा सहुलियत प्रदान गरेको मानिने छ।

ङ लागतको आधारमा खर्च उठाउने सिद्धान्त सबै प्रकारका निमावि र माविहरुमा शुल्क निर्धारणको मापदण्ड लागू गरिनेछ र विद्यालयको श्रेणी हेरी संस्थागत विकासका निम्ति खर्च छुट्याइने छ र यसबाट शुल्कमा थपघट हुन सक्नेछ।

शिक्षा मन्त्रालय

च विद्यालयको भौतिक सुविधा, शिक्षक व्यवस्था, विद्यार्थी संख्या, शैक्षिक उपलब्धि, विद्यालय सञ्चालन अवधि र कूल खर्चको बाँडफाँडलाई विद्यालयको अनुमति दिन र श्रेणीगत गर्ने मुख्य आधार मानिनेछ।

छ सबै प्रकारका विद्यालयले श्री ५ को सरकारले तोकेको पाठ्यक्रम र पाठ्यपुस्तक अनिवार्यरुपमा प्रयोग गर्नुपर्नेछ।

ज नेपाली र अंग्रेजी भाषाको पठनपाठन प्राथमिक तहको कक्षा १ देखि अनिवार्य हुनेछ र मातृभाषा, संस्कृत लगायत अन्य भाषाहरु ऐच्छिक समूहमा राखिनेछन्।

झ माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक/व्यावसायिक विषयहरुको समूह समावेश गरिने छ र व्यावसायिक विषय विद्यालयले नै छनौट गर्ने प्रावधान राखिनेछ।

ञ कक्षा ५ को जिल्लास्तरीय परीक्षा जिल्ला शिक्षा कार्यालयबाट उपलब्ध गराइने प्रश्नपत्रका आधारमा नेपाली, अंग्रेजी र गणित विषयमा सम्बन्धित विद्यालयले लिने व्यवस्था हुनेछ। निम्नमाध्यमिकको हकमा कक्षा ८ को अन्तमा जिल्ला शिक्षा कार्यालयबाट उपलब्ध प्रश्नपत्रको आधारमा तोकिएको माध्यमिक विद्यालयको रेखदेखमा सञ्चालन गरिनेछ।

ट शिक्षण लाइसेन्स प्रणाली लागू गरी लाइसेन्स नभएका शिक्षकलाई कुनै पनि प्रकारको विषयको शिक्षण सेवामा प्रवेश गराइने छैन।

ठ राष्ट्रिय शिक्षक सेवा आयोगलाई शिक्षण लाइसेन्स प्रदान गर्ने संस्थाको रुपमा विकास गरिनेछ।

ड सबै प्रकारका विद्यालयहरुमा लाइसेन्स प्राप्त शिक्षक मध्येबाट प्रतिस्पर्धा गराई विद्यालय व्यवस्थापन समितिले शिक्षक छनौट र नियुक्ति गर्ने व्यवस्था हुनेछ।

ढ हाल कार्यरत स्थायी शिक्षकहरुको सम्बन्धमा ५ वर्षभित्रमा स्थायी लाइसेन्स लिईसक्नुपर्ने शर्तमा अस्थायी लाइसेन्स प्रदान गरीने छ।

ण सबै प्रकारका विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्री ५ को सरकारले तोकेको न्युनतम तलवमा नघट्ने गरी तलव र अन्य सुविधाको व्यवस्था गर्नु विद्यालय व्यवस्थापन समितिको जिम्मेवारी हुनेछ।

त अभिभावकको प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिको गठन प्रत्येक सामुदायिक विद्यालयमा गरिनेछ। संस्थागत विद्यालयहरुमा स्वीकृत विद्यालय चार्टर अनुसार विद्यालय व्यवस्थापन समिति गठन गरिनेछ।

शिक्षा सन्देश

थ विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तर वृद्धिमा समुदायसँगको समन्वय र सम्बन्ध प्रवर्द्धन गर्न अभिभावक शिक्षक संघ (PTA) गठन गर्नेछ।

द प्रधानाध्यापकहरुलाई अधिकार सम्पन्न गरी थप सुविधा प्रदान गर्न कानूनी व्यवस्था गरिनेछ।

ध सबै प्रकारका विद्यालयले वार्षिक रुपमा अभिभावक भेला गराई विद्यालयको आय व्यय र शैक्षिक उपलब्धि सार्वजनिक गर्ने व्यवस्था हुनेछ।

न शिशु विकास कार्यक्रम २ वर्षको हुनेछ र त्यस्तो कार्यक्रम सञ्चालन, रेखदेख र व्यवस्थापनको दायित्व सम्बन्धित गाउँ विकास समिति/ नगरपालिकाको हुनेछ।श्री ५ को सरकारले यस्तो कार्यक्रमका लागि एकमुष्ठ अनुदान दिने नीति लिनेछ। हाल कार्यान्वयनमा रहेको आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमबाट एक वर्षभित्र परीक्षण कार्यक्रम सम्पन्न गरी आगामी ५ वर्ष भित्र अधिराज्यव्यापी रुपमा कार्यक्रम सञ्चालन गरिनेछ।

प प्राथमिक तहको पठनपाठनको रेखदेख, अनुगमन गर्न र शिक्षा विकासमा सहयोग पुर्‍याउन गाउँ शिक्षा समिति/नगर वडा समितिले भूमिका निर्वाह गर्नेछ भने निम्नमाध्यमिक र माध्यमिक विद्यालयको हकमा जिल्ला शिक्षा समितिलाई जिम्मेवार बनाइनेछ।

फ शिक्षा व्यवस्थापनका प्रत्येक तह (विद्यालय देखि शिक्षा तथा खेलकुद मन्त्रालय सम्म) र हरेक निकाय, व्यक्ति र संस्थाको जवाफदेहीता सुनिश्चित गरिने छ।

ब कूल सरकारी खर्चको १७ प्रतिशत शिक्षामा लगानी गर्ने नीति लिइने छ।

भ प्रत्येक तहमा गुणात्मक शिक्षाका निम्ति आवश्यक पर्ने बाञ्छित न्यूनतम प्रति विद्यार्थी लागत तोकिनेछ र सोको पुनरावलोकन प्रत्येक वर्ष गरिने छ।

म सबै प्रकारका विद्यालयको आम्दानी खर्चको हिसाब पारदर्शी बनाइने छ।

य सामुदायिक विद्यालयमा निम्नमाध्यमिक र माध्यमिक शिक्षाका निम्ति कूल भर्नाको १० प्रतिशत र संस्थागत विद्यालयको सम्बन्धमा कूल भर्नाको ५ प्रतिशत तोकिएको लक्षित समूहको लागि निःशुल्क शिक्षा प्रदान गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ। यसको अतिरिक्त जहेन्दार विद्यार्थी छात्रवृत्तिको व्यवस्था पनि गरिनेछ।

र सामुदायिक विद्यालय र संस्थागत विद्यालयलाई नियमित र प्रोत्साहन गर्न नियमितताको रुपरेखा अन्तर्गत सञ्चालन गरिनेछ र त्यसको अनुगमन गर्ने प्रभावकारी संयन्त्रको व्यवस्था गरिनेछ।

ल यस कार्य समितिले दिएका  सुझावहरु कार्यन्वयन गर्नका निम्ति सरकारी दायित्व निम्न क्षेत्रहरुमा पर्नेछः

शिक्षा मञ्च

अ शिशु विकास कार्यक्रमका लागि स्थानीय निकायलाई अनुदान

आ प्राथमिक तहको शिक्षा पूर्णतया निःशुल्क गर्न लाग्ने थप रकम

इ प्राथमिक तहको कक्षा १ देखि ३ सम्म अंग्रेजी विषयको थप पाठ्यपुस्तकको निःशुल्क वितरणका लागि लाग्ने रकम

ई निमावि र मावि तहको १० प्रतिशत विद्यार्थीहरुलाई पूर्ण निःशुल्क शिक्षा प्रदान गर्न लाग्ने छात्रवृत्ति रकम

उ मावि तहमा व्यावसायिक धारको पाठ्यक्रम लागू गर्न विद्यालयलाई दिनुपर्ने सहुलियत अनुदान।

शिक्षक तालिम र अन्य विकासका खर्चहरु विद्यमान र प्रस्तावित परियोजनाहरुको कार्यक्रमबाट नै व्यहोर्न सकिने छ। तत्काल सरकारको आर्थिक दायित्वमा केही वृद्धि हुने देखिएता पनि ५ वर्षको अन्तरालमा क्रमशः सरकारी दायित्व कम हुँदै जाने छ।

व विद्यालय शिक्षाका अवधारणा, उद्देश्य, नीति कार्यक्रम एवम् सुधारका उपायहरु र कार्यान्वयन गर्ने व्यवस्थाको प्रतिवद्धता समेत झल्कने गरी स्वेत पत्र जारी गरिनेछ।

३ यी माथिका सुझावहरु शिक्षा सुधारका लागि आधारभूत तत्वकारुपमा लिइएका छन् र यसको सफल कार्यान्वयनबाट हाल विद्यमान अन्यौलग्रस्त स्थितिको अन्त हुनुका साथै शिक्षा क्षेत्रले सही मार्ग अवलम्बन गर्ने विश्वास यस समितिले लिएको छ। सामाजिक न्याय र शिक्षाको गुणस्तर वृद्धिमा सन्तुलन ल्याउने प्रभावकारी उपायको रुपमा यी सुझावहरु दिइएका छन्।साथसाथै स्वायत्तता, जवाफदेहीता र पारदर्शिताका पक्षहरुमाथि जोड दिइएको छ। यी सुझावहरुको कार्यान्वयनले दीर्धकालीनरुपमा सरकारी क्षेत्र र निजी क्षेत्रका प्रयासबाट शिक्षाले उचित निकास पाउने विश्वास लिइएको छ।

विषय सूची

शिक्षा मन्त्रालय

# १.  विद्यालयका प्रकार

१.१ पृष्ठभूमि

१.१.१ विद्यमान शिक्षा ऐन २०२८ अनुसार श्री ५ को सरकारबाट अनुदान नलिने गरी स्वीकृति प्राप्त विद्यालय निजी क्षेत्रको विद्यालय र श्री ५ को सरकारबाट आवासीय विद्यालयको रुपमा स्वीकृति प्राप्त विद्यालय आवासीय विद्यालय हुने परिभाषा गरिएको छ।

१.१.२ शिक्षा नियमावली २०४९ अनुसार श्री ५ को सरकारबाट सालबसाली अनुदान पाउने गरी स्वीकृति प्राप्त विद्यालयलाई सार्वजनिक विद्यालयको रुपमा परिभाषित गरिएको छ।

१.१.३ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले निजी विद्यालय सामाजिक सेवाको भावनाबाट प्रेरित अथवा मुनाफाको दृष्ट नराख्ने (Non profit making) र सेवामूलक उद्योग व्यवसायबाट प्रेरित अथवा मुनाफाको दृष्टिकोण राख्ने (Profit making) गरी २ प्रकारको हुनुपर्ने सुझाव दिएको छ।

१.१.४ उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले निजी विद्यालयको उद्देश्य नाफा कमाउने नभई सामाजिक सेवाको भावनाले अभिप्रेरित हुनुपर्ने उल्लेख गरेको छ।

१.१.५ तालिम प्राप्त शिक्षकको उपलब्धता, परीक्षा नतिजा, विद्यार्थी संख्या, भौतिक सुविधा, पुस्तकालय, प्रयोगशाला, अतिरिक्त क्रियाकलाप जस्ता परिसूचकका आधारमा प्रत्येक माध्यमिक विद्यालयहरुलाई विभिन्न स्तरमा श्रेणीकरण गर्ने परिपाटी बसाल्ने र सोही आधारमा अनुदान दिने व्यवस्था गर्नुपर्ने कुरा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा उल्लेख छ।

१.१.६ निजी क्षेत्रका विद्यालयको व्यवस्थापनसम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ ले निजी विद्यालयहरुलाई देहाय बमोजिम ३ प्रकारले बर्गीकरण गरिनुपर्ने र निजी क्षेत्रमा सञ्चालन हुने विद्यालयहरुमा विद्यालय सञ्चालन गर्ने नीति सम्बन्धी कुराहरुको विद्यालय प्रस्तावन पत्र (School Charter) हुनुपर्ने सुझाव गरेको छः

क निजी गुठी अन्तर्गत सञ्चालन हुनेः कुनैपनि लाभांश नलिने गरी सेवाको भावनाले प्रेरित व्यक्ति/व्यक्तिहरुको समूह विशेषको पहलमा सञ्चालन हुने निजी क्षेत्रका सेवामूलक विद्यालयहरु।

ख संस्थागत गुठी अन्तर्गत सञ्चालन हुनेः कुनै किसिमको लाभांश नलिनेगरी सेवाको भावनाले प्रेरित व्यक्ति/व्यक्तिहरु, संस्था, समुदाय वा ट्रष्ट अन्तर्गत सञ्चालन हुने निजी क्षेत्रका सेवामूलक विद्यालयहरु।

ग सेवामूलक व्यवसायको रुपमा सञ्चालन हुनेः निजी लगानी गरी व्यवसायको रुपमा लाभांश लिने गरी व्यक्ति/व्यक्तिहरु वा संस्थाले खोलेका निजी क्षेत्रका विद्यालयहरु।

१.१.७ निजी क्षेत्रको विद्यालयको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदनले शिक्षा पूर्णतया सार्वजनिक वस्तु पनि होइन,पूर्णतया निजी पनि मान्न नसकिने भएकाले सहकारीका रुपमा मान्यता राखेको छ।

१.१.८ शिक्षा (सातौँ संशोधन) विधेयक २०५७ मा निजी र सार्वजनिक विद्यालयको अलग अलग र स्पष्ट परिभाषा प्रस्तावित गरिएको छ।निजी विद्यालयहरु सामाजिक सेवामूलक र मुनाफामूलक गरी दुई प्रकारको हुने र निजी विद्यालयलाई तोकिएको भौतिक सुविधाका आधारमा वर्गिकरण गरिने स्पष्ट प्रावधानको व्यवस्था गरिएको छ।

१.२ विद्यमान समस्याहरु

१.२.१ विभिन्न आयोगका प्रतिवेदनहरु निजी विद्यालयहरु नाफा कमाउने दृष्टिले खोल्न हुने वा नहुने र स्वामित्व कसको भन्नेमा नै केन्द्रित रहेको देखिन्छ।शिक्षा ऐन नियमावलीमा परिभाषा गर्दापनि अनुदान लिने र नलिने आधारमा निजी र सार्वजनिक विद्यालयबीच फरक छुट्याइएको पाइन्छ।यी विद्यालयहरुबीच खासै फरक के हो त? भन्ने कुरा अस्पष्ट छ।सार्वजनिक विद्यालयहरु सरकारी वा सामुदायिक के हुन्? स्पष्ट छैन। त्यस्तै निजी विद्यालयहरु व्यक्तिगत निजी हुन् वा शिक्षा जस्तो सार्वजनिक सेवा प्रदान गर्ने सर्वसाधरणले समेत चासो लिनसक्ने संस्था हुन् स्पष्ट भएको छैन।निजी विद्यालयको वर्गिकरणको प्रावधान नभएबाट सबै प्रकारका विद्यालयहरुलाई एकै मापदण्डबाट व्यवहार गर्ने गरिएको छ।त्यसैले विद्यालयको प्रकार निर्धारण र यसको वर्गिकरण गर्दा जनसाधरणमा स्पष्ट र उपयुक्त सन्देश पुग्ने किसिमले गरिनु आवश्यक छ।

१.३. रणनीति/कार्यनीति

१.३.१. विद्यालय शिक्षा २ प्रकारका विद्यालयमार्फत् प्रदान गरिनेछ :

(क) सामुदायिक विद्यालय : सामुदायिक विद्यालय भन्नाले समुदायद्वारा वा समुदायमा आधारित भई श्री ५ को सरकारद्वारा अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ। सामुदायिक विद्यालय पनि सरकारी अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालय र सरकारी अनुदान प्राप्त नगर्ने सामुदायिक विद्यालय गरी २ प्रकारका हुनेछन्।

(ख) संस्थागत विद्यालय: संस्थागत विद्यालय भन्नाले सामुदायिक विद्यालय वाहेक प्रचलित कानून बमोजिम सङ्गठित संस्थाको रुपमा दर्ता भएका संस्थाहरुले श्री ५ को सरकारको अनुमति वा स्वीकृति लिई सञ्चालन गरेको विद्यालय सम्झनु पर्छ। यस परिभाषा अन्तर्गत कम्पनी ऐन, २०५३, संस्था दर्ता ऐन २०३४, सहकारी ऐन जस्ता

प्रचलित ऐन अन्तर्गत दर्ता भएका संस्थाहरुलाई विद्यालय सञ्चालन गर्न शिक्षा तथा खेलकुद मन्त्रालयबाट तोकिएको निकायले विद्यालय प्रस्तावन पत्र (Charter) स्वीकृत गरी अनुमति दिएको विद्यालयहरु पर्दछन्।

१.३.२ हाल सञ्चालित सार्वजनिक विद्यालयहरु सरकारी अनुदान पाउने सामुदायिक विद्यालयका रुपमा तत्कालै परिवर्तित गरिनेछ। अनुदान लिंदै आएका विद्यालयहरु अनुदान नलिने सामुदायिक विद्यालयको रुपमा रुपान्तरित हुन प्रोत्साहित गरिनेछ।

१.३.३ हाल अनुमति वा स्वीकृति लिई सञ्चालनमा रहेको निजी तथा आवासीय विद्यालयहरु तोकिएको अवधिभित्र संस्थागत विद्यालयका रुपमा परिवर्तित हुनेछन्।

१.३.४ सबै विद्यालयहरुलाई तोकिएको मापदण्डका आधारमा श्रेणीगत विभाजन गरिनेछ। शुल्क निर्धारण, संस्थागत विकासको खर्च, स्वायत्तता, अधिकार र कर्तव्य आदिको व्यवस्था गर्दा श्रेणी विभाजनलाई आधार मानिने छ। श्रेणीगत विभाजनका लागि मापदण्डका आधारहरु अनुसूची १.१ मा दिइएको छ।

१.३.५ शहरी क्षेत्र र ग्रामिण क्षेत्रमा विद्यालयका वर्गिकरणका आधारका अंकहरु फरक फरक हुन सक्नेछन्।

१.३.६ सामुदायिक र संस्थागत विद्यालय वर्गिकरणका आधारका अङ्कहरु फरक फरक हुन सक्नेछन्।

१.३.७ मापदण्ड अनुसार विद्यालयले प्राप्त गरेको अङ्कको आधारमा विद्यालयलाई देहाय बमोजिम ३ श्रेणीमा विभाजन गरिने छ :

(क) ८० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यालयहरु – "क" श्रेणी

(ख) ५० प्रतिशत भन्दा माथि ८० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यालय – "ख" श्रेणी

(ग) ३० प्रतिशत भन्दा माथि ५० प्रतिशतसम्म अङ्क प्राप्त गर्ने विद्यालयहरु – "ग" श्रेणी

१.३.८ ३० प्रतिशत वा सो भन्दा कम अङ्क ल्याउने विद्यालयलाई सञ्चालन अनुमति दिइने छैन।

१.४ कार्य योजनाको आधारः

१.४.१. विद्यालयको परिभाषा र वर्गिकरणको मापदण्डका आधारहरुलाई कानूनीरुप दिने: मापदण्डका आधारहरुलाई कानूनीरुप दिने कार्यको थालनी शिक्षा मन्त्रालयले तत्काल गर्नेछ। यसका लागि शिक्षा नियमावलीमा आवश्यक सुधार गरिनेछ।

१.४.२ विद्यालयहरुको वर्गिकरण गर्ने : विद्यालयको वर्गिकरणका लागि जिल्ला शिक्षा कार्यालय मार्फत तोकिएको मापदण्डका आधारमा तत्काल कार्य सुरु गरिने छ।

शिक्षा मन्त्रालय

# २.    निःशुल्क शिक्षाः

२.१ पृष्ठभूमि

२.१.१  मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २६(१)मा " Education shall be free at least in the elementary and fundamental stage"  भन्ने उल्लेख भएको छ।श्री ५ को सरकारले सबैलाई शिक्षा (Education for all) प्रदान गर्ने आफ्नो प्रतिवद्धतालाई अन्तर्राष्ट्रिय मञ्चहरुमा गर्दै आएको छ।

२.१.२  प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउनको लागि विशेष पहल गरिनुपर्ने कुरा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा उल्लेख भएको छ।

२.१.३  विशेष समूहका लागि अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा लागू गर्न उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले सुझाव गरेको छ।

२.१.४  विद्यालयको शुल्कसम्बन्धी व्यवस्था शिक्षा नियमावली २०४९ मा उल्लेख भएको छ।शुल्कको लागि नियम ११९ मा निश्चित शीर्षकहरुको उल्लेख भएको र यसमध्ये सार्वजनिक विद्यालयले मासिक पढाइ शुल्क,प्रवेश वा पुन प्रवेश शुल्क लिन नपाउने गरी प्रतिवन्ध लगाएको छ।शुल्क निर्धारण गर्दा विद्यालयले जिल्ला शिक्षा समितिको स्वीकृति लिनुपर्ने व्यवस्था छ।

२.१.५  शिक्षा(सातौँ संशोधन) विधेयक २०५७ मा निजी विद्यालयले शुल्क निर्धारण गर्दा श्री ५ को सरकारको स्वीकृति लिनु पर्ने र यसरी स्वीकृति दिँदा विद्यालयको भौतिक सुविधा र तिनीहरुको वर्गीकरणलाई आधार बनाइने, एक पटक भर्ना शुल्क लिएपछि पुनः भर्ना शुल्क लिन नपाइने प्रावधानहरुलाई ऐनमा समावेश गर्न प्रस्ताव गरिएको छ।

२.२ विद्यमान समस्याहरु

२.२.१  माध्यमिक तहसम्मको निःशुल्क शिक्षालाई पुनः परिभाषित गरिनु आवश्यक छ।

२.२.२  निःशुल्क प्राथमिक शिक्षामा राज्यको दायित्व स्पष्ट गरिनु पर्दछ र प्राथमिक शिक्षा सर्वसुलभ गराउन निजी क्षेत्रलाई दिइने जिम्मेवारी सम्बन्धमा स्पष्ट नीति निर्धारण गरिनु आवश्यक छ।

२.२.३  शिक्षामा श्री ५ को सरकारको पूर्ण लगानी सम्भव छैन। विद्यमान राष्ट्रिय बजेटको आँकडा हेर्दा यो सम्भव पनि देखिँदैन। बरु वर्तमान सबै तहको निःशुल्क शिक्षाको अवधारणा भन्दा प्राथमिक तहलाई सामुदायिक विद्यालयमा निःशुल्क गरी शिशु विकास कार्यक्रम स्थानीय निकायबाट एकै स्वरुपमा सञ्चालन गर्ने परिपाटीको व्यवस्था गरिनु आवश्यक छ।

२.२.४  विद्यालयको शुल्क निर्धारणमा जिल्ला शिक्षा समितिको पूर्व स्वीकृति लिनुपर्ने नियमको बाध्यत्मक प्रावधान रहेतापनि व्यवहारमा कसैले पनि यो स्वीकृति लिने नगरेको र स्वीकृति लिए नलिएको सम्बन्धमा अनुगमन गरी नियमहरुको पालना

शिक्षा मन्त्रालय

गराउनेतर्फ सम्बन्धित निकायहरुले कुनै पहल समेत नगरेको हुँदा निजी विद्यालयहरुले स्वेच्छाचारी मापदण्ड लागू गर्ने गरेको र यसबाट निजी विद्यालयको शिक्षा सार्वजनिक आलोचनाको विषयवस्तु हुन पुगेको छ।

२.३ रणनीति/कार्यनीतिः

२.३.१ "निःशुल्क शिक्षा" भन्नाले विद्यार्थीबाट धरौटी, एकमुष्ट, मासिक वा अन्य कुनै प्रकारको शुल्क नलिई प्रदान गरिने शिक्षा सम्झनु पर्छ। निःशुल्क शिक्षाभित्र पाठ्यपुस्तक पनि निःशुल्क हुनेछ।

२.३.२ प्राथमिक तहसम्मको शिक्षा पूर्णतया निःशुल्क हुनेछ। संस्थागत विद्यालयको हकमा तत्कालका लागि अनुसूची २.१ मा तोकिएको ढाँचा अनुसार शुल्क उठाउन सकिनेछ।

२.३.३ सामुदायिक विद्यालयको हकमा प्राथमिक तहसम्मको विद्यालय संचालन खर्च श्री ५ को सरकारले व्यहोर्नु पर्नेछ। भौतिक सुविधा, व्यवस्थापन र सुधारको जिम्मा विद्यालय व्यवस्थापन समितिको हुनेछ यसका लागि स्थानीय निकाय, चन्दादाता, समाजसेवी एवं सरकारी वा गैरसरकारी स्रोतको परिचालन गर्न सकिनेछ।

२.३.४ प्राथमिक शिक्षालाई निःशुल्क र सर्वसुलभ बनाएपछि क्रमशः यसलाई अनिवार्य बनाइनेछ।

२.३.५ सरकारी अनुदान प्राप्त नगर्ने सामुदायिक विद्यालयमा (जस्तो स्वदेशी वा विदेशी गैरसरकारी संस्था वा यस्तै अरु कुनै सामाजिक निकायबाट संचालित) निःशुल्क प्राथमिक शिक्षाका लागि विद्यालयले नै आवश्यक व्यवस्था गर्नु पर्नेछ।

२.३.६ संस्थागत विद्यालयले दफा २.३.२ मा तोके बमोजिमको प्राथमिक शिक्षा सर्वसुलभ गराउनु संस्थागत विद्यालयको सामाजिक दायित्व मानिनेछ। प्राथमिक तह संचालन नगरेका संस्थालाई माथिल्लो तहको स्वीकृति दिइने छैन।

२.३.७ निम्नमाध्यामिक र माध्यमिक शिक्षाका सम्बन्धमा गुणात्मक शिक्षा दिनका लागि आवश्यक पर्ने प्रति विद्यार्थी लागत खर्च निर्धारण गरिनेछ।

२.३.८ नि.मा.वि. र मा.वि.का सम्बन्धमा संचालन खर्च उठाउने सिद्धान्तको आधारमा शुल्क लगाइनेछ। सामुदायिक विद्यालयको हकमा हाल दिँदै आएको शिक्षकको तलब श्री ५ को सरकारले एकमुष्ट अनुदानको रुपमा प्रदान गर्नेछ। श्री ५ को सरकारबाट प्राप्त अनुदानलाई शुल्कमा दिइने सहुलियतको रुपमा लिइनेछ।

२.३.१०.उपर्युक्त बमोजिम नि.मा.वि. र मा.वि. तहको शुल्क निर्धारण गर्दा सुत्रमा आधारित शुल्क प्रणाली लागू गरिनेछ। शुल्क निर्धारणको आधार अनुसूची–२.१ र २.२ मा दिए अनुसार हुनेछ।

२.४. कार्ययोजनाको आधारः

२.४.१ निःशूल्क शिक्षाको परिभाषालाई कानुनी रुप दिनेः शिक्षा नियमावलीमा तत्काल संशोधन गरी निःशुल्क शिक्षाको परिभाषा गर्न शिक्षा मन्त्रालयले पहल गर्नेछ।

शिक्षा मन्त्रालय

२.४.२ शुल्क निर्धारणका आधारहरुलाई कानुनी रुप दिनेः शुल्क निर्धारणका आधारलाई मन्त्रिपरिषद्बाट अनुमोदन गराउने गरी शिक्षा मन्त्रालयले तत्काल कार्य प्रारम्भ गर्नेछ।

२.४.३ पूर्णतया निःशुल्क प्राथमिक शिक्षाको कार्यक्रम तर्जुमा गर्नेः पूर्णतया निःशुल्क प्राथमिक शिक्षाको कार्यक्रम यसै शैक्षिक सत्रदेखि लागू गर्न उपयुक्त देखिन्छ।

शिक्षा मन्त्रालय

# ३. विद्यालयको भौतिक सुविधाः

३.१ पृष्ठभूमि

३.१.१ विद्यालय भवन निर्माण फर्निचर तथा अन्य पूँजीगत खर्चका लागि चाहिने सम्पूर्ण रकम स्थानीय स्रोत परिचालन गरी जुटाउनु पर्दछ भनी राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा उल्लेख छ।

३.१.२ शिक्षा नियमावली,२०४९ मा विद्यालयको अनुमति दिँदा विद्यालयको भौतिक सुविधाका सम्बन्धमा मन्त्रालयले तोकिए बमोजम जग्गा,विद्यालय भवन,खेल मैदान,फर्निचर, शैक्षिक सामग्री आदिको उपलब्धताका सम्बन्धमा विचार पुऱ्याउनु पर्ने कुरा उल्लेख भएको छ।

३.१.३ नयाँ खोलिने विद्यालयहरुका लागि विद्यालयको भौतिक पूर्वाधारलाई मुख्य आधारका रुपमा लिइने र खोलिएका भौतिक तथा शैक्षिक पूर्वाधार पूरा नभएका विद्यालयहरुलाई दश वर्षभित्र आवश्यक पूर्वाधार पूरा गर्ने शर्तमा सञ्चालन गर्न दिइनु पर्ने कुरा निजी क्षेत्रका विद्यालयहरुको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ मा उल्लेख गरिएको छ।

३.१.४ शिक्षा(सातौँ संशोधन) विधेयक २०५७ मा श्री ५ को सरकारले निजी विद्यालयहरुलाई तोकिएको भौतिक सुविधाको आधारमा वर्गिकरण गर्ने प्रावधान प्रस्ताव गरिएको छ।

३.२ विद्यमान समस्याहरु

३.२.१ हाल सञ्चालित सार्वजनिक विद्यालयहरु सुरुमा समुदायबाट स्थापना भई सरकारी आर्थिक अनुदान प्राप्त भई सञ्चालित भएका हुन्। यसैले नक्साङ्कनका आधारमा स्थापना भई निश्चित मापदण्डको भौतिक सुविधा सम्पन्न विद्यालयहरुको संख्या न्यून रहेको छ।शिक्षा मन्त्रालय अन्तर्गतका परियोजनाबाट केही विद्यालय भवन र भौतिक सुविधा विस्तारमा सहयोग गरेको पाइन्छ।शिक्षा नियमावली २०४९ ले पनि समुदायबाटै भौतिक पूर्वाधार निर्माणको अपेक्षा गरेको देखिन्छ।सरकारी अनुदानमा क्रमशः वृद्धि भई निःशुल्क शिक्षाको अवधारणा आएपछि समुदायको स्रोत साधन परिचालन गरी भौतिक सुविधा विस्तार गर्नमा कठिनाई भएको छ।विद्यार्थीको शुल्कमा यसको चाप पर्न गएको छ।

३.२.२ शिक्षा नियमावली २०४९ मा कुन तहमा के कस्तो भौतिक सुविधा हुनु अनिवार्य हो सो को निश्चित मापदण्ड तोकिएको पाइदैन। यसले गर्दा अनुमति वा स्वीकृति दिँदा बस्तुगत आधार लिन सकेको देखिदैन। यसबाट सार्वजनिक विद्यालयका साथै निजी विद्यालयलाई पनि नियमित गर्न कठिनाई भएको छ।धेरै जसो निजी विद्यालयहरु बसोबासका लागि निर्माण भएका घरमा भाडामा सञ्चालित रहेकको पाइन्छ। तर पनि निश्चित मापदण्डको आधार नभएकोले नियमित गर्न सकिने स्थिति छैन।

३.३ रणनीति/कार्यनीतिः

३.३.१ विद्यालयको भौतिक सुविधा देहाय बमोजिमको हुनु पर्नेछः–

(क) मौसमको कारणले विद्यालय बन्द हुनु नपरोस भन्नाका लागि प्रत्येक कक्षाकोठाहरु घाम र पानीबाट बचाउ हुने किसिमको स्वस्थ हुनु पर्नेछ।

(ख) प्रत्येक विद्यालयमा प्रति विद्यार्थी कक्षागत क्षेत्रफल १ वर्गमिटर भन्दा कम हुनु हुँदैन।

(ग) शिक्षण सिकाईका लागि उपयुक्त किसिमको कक्षा र हावाको प्रवाह, प्रकाश व्यवस्था, उपयुक्त उचाई आदिको व्यवस्था हुनु पर्नेछ।

(घ) विद्यार्थीहरुलाई कक्षाकोठामा अध्ययनका लागि स्थानीय परिवेश समेतका आधारमा प्रत्येक विद्यार्थीका लागि फर्निचरको व्यवस्था हुनु पर्नेछ।

(ङ) विद्यालयमा पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्री र स्वास्थ्यकर खानेपानीको उचित प्रबन्ध हुनु पर्नेछ।

(च) छात्र र छात्राका लागि अलग अलग शौचालयको समुचित व्यवस्था हुनु पर्नेछ।

३.३.२ विद्यालय र कक्षा कोठाका नमूनाहरु श्री ५ को सरकारले उपलब्ध गराउनेछ। त्यस प्रकारको उपलब्धतालाई समेत दृष्टिगत गरी स्थानीय साधन स्रोतको उपयोग गरिनु पर्छ।

३.३.३ विद्यालय भवन निर्माण गर्दा शारीरिक तथा मानसिक रुपमा अशक्त विद्यार्थीहरुका लागि समेत आवत जावत गर्न सक्ने खालका हुनु पर्नेछ।

३.३.४ विद्यालयको भौतिक सुविधा र त्यसका आधारहरु निर्माण गर्ने जिम्मेवारी समुदाय र विद्यालय व्यवस्थापन समितिको हुनेछ। यसका लागि विद्यालय व्यवस्थापन समितिले स्थानीय निकाय, चन्दादाता र समाजसेवी तथा सरकारी एवं गैरसरकारी स्रोत परिचालन गर्न सक्नेछ।

३.३.५ विद्यालय वर्गीकरणको मापदण्ड निर्धारणमा विद्यालयको भौतिक सुविधालाई प्राथमिकता दिइनेछ।

३.४ कार्ययोजनाको आधारः

३.४.१ तहगत रुपमा विद्यालयको भौतिक सुविधाको मापदण्ड निर्धारण गर्नेः विद्यालयका भौतिक सुविधाको मापदण्डलाई शिक्षा मन्त्रालयले तत्काल स्वीकृत गर्नेछ र सो अनुसार गर्न, गराउन जिल्ला शिक्षा कार्यालय मार्फत विद्यालय व्यवस्थापन समितिलाई परिपत्र जारी गर्नेछ।

३.४.२ मापदण्ड अनुसारको भौतिक सुधारका कार्य गर्ने, गराउने कार्यको थालनी गरिनेछ।

शिक्षा सङ्ग्रह

# ४. पाठ्यक्रम पाठ्यपुस्तकः

४.१ पृष्ठभूमि

४.१.१ पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धमा शिक्षा नियमावली २०४९ मा राष्ट्रिय पाठ्यक्रम परिषद्लाई अधिकार सुम्पिएको हुँदा पाठ्यक्रमको परिवर्तन,व्यवस्था र विकास सम्बन्धी विषयहरुमा उक्त परिषदले आवश्यक व्यवस्था मिलाउन सक्ने व्यवस्था रहेको छ। वर्तमान विद्यालयस्तरको पाठ्यक्रमको ढाँचा अनुसूची ४.१ मा दिइएको छ।

४.१.२ निजी क्षेत्रका विद्यालयहरुले मूल पाठ्यक्रम श्री ५ को सरकारले तोके अनुसार पठन पाठन गर्ने व्यवस्था मिलाउनु पर्ने र माध्यमिक शिक्षालाई कामको संसारसँग निकट राख्न यस तहमा व्यावसायिक विषयको अध्ययन अध्यापनमा बल दिनुपर्ने कुरा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा उल्लेख छ।

४.१.३ निजी विद्यालयले स्वीकृत पाठ्यक्रम बमोजिम तयार गरेको पाठ्यपुस्तकहरु प्रयोग गर्नुपर्छ साथै पाठ्यक्रम अनुरुप स्तर सुहाउँदा अन्य पाठ्यसामग्री तथा सहायक सामग्रीलाई पनि प्रयोग गर्न सकिने व्यवस्था गर्नुपर्ने सुझाव उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले दिएको छ।

४.१.४ राष्ट्रिय पाठ्यक्रमलाई निजी क्षेत्रको विद्यालयले अनिवार्य रुपमा लागू गराउनुपर्ने र त्यसको आधारमा बहुपाठ्यपुस्तकमध्येबाट छनौट गरी अध्यापन गर्ने र यस्तो पाठ्यपुस्तक सम्बन्धी विषयबस्तु र मूल्य श्री ५ को सरकारले स्वीकृत गर्ने व्यवस्था मिलाइनुपर्ने कुरालाई निजी क्षेत्रका विद्यालय व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन,२०५५ ले सुझाव दिएको छ।

४.२ विद्यमान समस्याहरु

४.२.१ निजी र सार्वजनिक विद्यालयमा प्रयोग हुने पाठ्यपुस्तकहरुको सम्बन्धमा एकरुपता पाइँदैन। साधन,स्रोत र सुविधा सम्पन्न निजी विद्यालयहरुमा अतिरिक्त पाठ्यपुस्तकहरुको अत्यधिक प्रयोग हुने गरेको पाइन्छ भने सार्वजनिक विद्यालयमा पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरे अनुरुपको सीमित पाठ्यपुस्तकहरुको मात्र प्रयोग हुने गरेको छ।निजी विद्यालयमा प्रयोग हुने पाठ्यसामग्री सम्बन्धमा अनुगमन भएको पाइँदैन र राष्ट्रिय स्तरमा आँच आउने खालका पाठ्यसामग्री समेत प्रयोग भएको भन्ने गुनासो रहेको छ।

४.२.२ पाठ्यक्रम पाठ्यपुस्तकको भाषा विषयमा पढाइ बारे विवाद रहेको पाइन्छ। विद्यालय शिक्षाको वर्तमान पाठ्यक्रमको ढाँचा हेर्दा संस्कृत विषयलाई कक्षा ६,७ र ८ मात्र अनिवार्य विषयको रुपमा समावेश गरिएको देखिन्छ। अंग्रेजी कक्षा ४ बाट मात्र पढाउन सुरु गरिन्छ।

४.२.३ प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिने गरी विद्यालय सञ्चालन गर्न पाइने संविधानमा रहेको व्यवस्थालाई सुनिश्चित गर्न पनि उत्तिकै आवश्यक देखिन्छ।सामाजिक मागलाई ख्याल गर्दा कक्षा एक देखि नै अंग्रेजी पढाउनु पर्ने चुनौति पनि यथास्थानमा रहेको छ।शिक्षित बेरोजगारी बढीरहेको परिप्रेक्षमा माध्यमिक शिक्षामा व्यावसायिक विषयहरु समावेश गराउनु पर्ने आवाज उठीरहेको छ।यस सन्दर्भमा पाठ्यक्रम पुनरावलोकन गरी पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी ठोस नीत घोषणा र कडाइका साथ कार्यान्वयन गर्नु नितान्त आवश्यक छ।

४.३ रणनीति/कार्यनीतिः

४.३.१ सबै प्रकारका विद्यालयले श्री ५ को सरकारले तोकेको पाठ्यक्रम र पाठ्यपुस्तक अनिवार्य रुपमा लागू गर्नु पर्नेछ। प्राथमिक तहमा कुनै पनि थप पाठ्यपुस्तक वा अन्य सन्दर्भ पुस्तकहरुको प्रयोग गर्न दिइने छैन।

४.३.२ राष्ट्रियता प्रति आँच आउने पाठ्यपुस्तक पढाउनु हुँदैन। नि.मा.वि. र मा.वि. तहमा थप पाठ्यपुस्तक सहयोगी सामग्रीको रुपमा राख्नु पर्ने भएमा पाठ्यक्रम विकास केन्द्रले तयार पारेको मूल्यकृत सन्दर्भ पुस्तक सूची (reference book list)अंग्रेजी, गणित, सामाजिक शिक्षा, विज्ञान र नेपाली विषयमा १/१ वटा मात्र थप गर्न सकिनेछ। सो अनुसार गरे नगरेको जिल्ला शिक्षा कार्यालयबाट अनुगमन हुनेछ।

४.३.३ पाठ्यपुस्तक र शैक्षिक सामग्री विद्यालयबाट बिक्री वितरण गर्न पाइने छैन।

४.३.४ नेपाली र अंग्रेजी भाषा प्राथमिक तहको कक्षा १ देखि नै अनिवार्य हुने छ। मातृभाषा, संस्कृत लगायत अन्य भाषा शिक्षणलाई ऐच्छिक भाषा समूहमा राखिनेछ। यस्तो पाठ्यक्रम कार्यान्वयन गर्दा विद्यालयको माग र सम्भाव्यता हेरी थप शिक्षकका निमित्त अनुदान सहुलियत दिने नीति लिइनेछ।

४.३.५ प्राथमिक तहमा भाषा विषय बाहेकका अन्य विषयहरुको शिक्षणको माध्यम मातृभाषामा गर्न सकिनेछ।

४.३.६ कक्षा ८ देखि १० सम्म दुई धारको पाठ्यक्रम लागू गरिनेछ। पहिलो धार प्रचलित साधारण शिक्षाको हुनेछ भने दोस्रो धार प्राविधिक/व्यावसायिक शिक्षाको हुनेछ। यस्तो व्यावसायिक विषयको पाठ्यक्रम आवश्यकतामा आधारित हुनेछ।

४.३.७ प्राविधिक/व्यावसायिक शिक्षाको पाठ्यक्रमको ढाँचा अनुसूची नं. ४.२ मा दिइएको छ।

४.३.८ प्राविधिक/व्यावसायिक विषयको पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखन कार्य पाठ्यक्रम विकास केन्द्रको संयोजनमा प्राविधिक शिक्षा तथा व्यावसायकि तालिम परिषद्ले गर्नेछ। प्राविधिक व्यावसायिक विषयको प्रकृति हेरी उक्त कार्य सम्बन्धित उद्योगका विशेषज्ञहरुबाट पनि गराउन सकिनेछ।

४.३.९ स्थानीय र राष्ट्रिय आवश्यकता एवं व्यक्तिगत रोजगारीलाई समेत ध्यानमा राखी प्राविधिक/व्यावसायिक विषयको छनौट सम्बन्धित विद्यालयले गर्न सक्नेछ।

शिक्षा सरोकार

४.३.१०प्राविधिक/व्यावसायिक शिक्षा प्रदान गर्न चाहने विद्यालयले सम्बन्धित प्राविधिक/ व्यावसायिक श्रम संगठन र सम्बन्धित उद्योगसँग सहयोग र समन्वय गरी संचालन गर्ने वातावरण तयार गर्नु पर्नेछ। यसबाट पाठ्यक्रमलाई सही रुपमा लागू गर्न र प्रयोगात्मक अभ्यास (Internship) मा विद्यार्थी पठाउन समेत सहयोग पुग्नेछ र रोजगारी निश्चित हुनेछ। निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरुको व्यवस्थापन समितिमा उद्योगी व्यवसायीको पनि प्रतिनिधित्व गर्ने व्यवस्था गर्नेछ।

४.४ कार्ययोजनाको आधारः

४.४.१ प्राथमिक तथा माध्यमिक तहमा पाठ्यक्रममा आवश्यक संशोधन गर्नेः आगामी शैक्षिक सत्रदेखि लागू हुनेगरी प्राथमिक तहमा अनिवार्य अंग्रेजी विषय व्यवस्था गर्न तत्काल पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम निर्माणको थालनी गर्नेछ। साथै माध्यमिक तहमा दोस्रो धारका रुपमा विकास गर्नु पर्ने व्यावसायिक/प्राविधिक शिक्षाको मागको अध्ययन गरी त्यसका लागि आवश्यक तयारी शिक्षा तथा खेलकूद मन्त्रालयले गर्नेछ। माध्यमिक तहमा प्राविधिक/व्यावसायिक धारको पाठ्यक्रम अनुसारको पढाई अल्पकालीन योजनाभित्र राखिनेछ।

४.४.२ पाठ्यक्रम संशोधनको आधारमा पाठ्यपुस्तक, सहयोगी पुस्तक एवम् शैक्षिक सामग्री तयार गर्ने कार्य पाठ्यक्रम विकास केन्द्रले गर्नेछ।

४.४.३ संशोधित पाठ्यक्रम अनुसार शिक्षक तालिमको व्यवस्था र कार्यान्वयन गर्ने कार्य शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक जनशक्ति विकास केन्द्रको समन्वयमा शिक्षा तथा खेलकुद मन्त्रालयले गर्नेछ।

शिक्षा मन्त्रालय

# ५. परीक्षा प्रणाली

५.१ पृष्ठभूमि

५.१.१ मूल्याङ्कनलाई नियमित पठन पाठनका लागि निरन्तर चलीरहने शैक्षिक कार्यकलापको रुपमा अंगिकार गर्न नसक्नु हाम्रो शैक्षिक व्यवस्थापनको कमजोरी भएको कुरालाई राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा उल्लेख गरिएको छ।

५.१.२ परीक्षा प्रणालीका सम्बन्धमा देहायका सुझावहरु प्रस्तुत गरिएको छः

क परीक्षाको कामलाई छिटो छरितो तथा मितव्ययी माध्यमिक परीक्षाको सञ्चालन र उत्तरपुस्तिकाको परीक्षण कार्यको जिम्मा क्षेत्रीय  शिक्षा निर्देशनालयलाई दिइनु पर्ने छ।

ख प्राथमिक विद्यालयका विद्यार्थीहरुको उपलब्धिको लेखाजोखाका निम्ति वार्षिक परीक्षाका अतिरिक्त मासिक परीक्षा,लिखित तथा मौखिक परीक्षा,गृहकार्य र अभिलेख समेतलाई आधार बनाउनु पर्दछ।

ग निमावि तहमा कक्षा ८ को परीक्षा जिल्लास्तरीय हुने व्यवस्थालाई कायमै राखिनु पर्ने समेतमा ध्यान दिनु पर्दछ।

५.१.३ परीक्षा प्रणालीलाई विश्वसनीय र गुणस्तरीय बनाउन परीक्षा नियन्त्रण कार्यलयको सुदृढीकरण,परीक्षामा विकेन्द्रीकरण, बैकल्पिक माध्यमहरुको प्रयोग जस्ता सुझाव उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले दिएको छ।

५.१.४ परीक्षामा विश्वसनीयता र गुणस्तर अभिवृद्धिको लागि शिक्षा(सातौँ संशोधन) विधेयक २०५७ मा परीक्षामा अनियमित कार्य गरे, गराएमा रु १ लाखसम्म जरीवान वा ६ महिनासम्म कैद वा दुवै सजाय प्रस्तावित गरी यस प्रकारको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची १ भित्र परेको मानिने गरी कडा प्रावधानको व्यवस्था गरिएको छ।

५.२ विद्यमान समस्याहरु

परीक्षाको उद्देश्य विद्यार्थीहरुको शिक्षण सिकाइमा प्रभावकारिता ल्याउनु र पाठ्यक्रमले निर्धारण गरेका उपलब्धिहरु कुन हदसम्म सिक्न सके त्यसको लेखाजोखा गर्नु हो।वर्तमान परीक्षा नीति अनुसार सम्बन्धित विद्यालयले वार्षिक परीक्षा लिने, तहगत रुपमा जिल्लास्तरमा परीक्षा लिने र विद्यालय तहको अन्त्यमा राष्ट्रियस्तरको परीक्षा लिइने गरिएको छ। प्राथमिक तहका परीक्षाको औचित्य बारे प्रश्न उठी भरखरै मात्र कक्षा ५को जिल्लास्तरीय परीक्षा खारेज गरिएको छ।निमावि तहको कक्षा ८मा लिने गरेको अन्तिम परीक्षा खारेज गर्नुपर्ने दवाव पनि आइरहेको छ।कक्षा १० को टेष्ट परीक्षा जिल्लास्तरमा हुने प्रावधानलाई खारेज गरेपछि यस्तो परीक्षा हाल सम्बन्धित विद्यालयबाटै लिइने गरिएको छ।माध्यमिक शिक्षाको नयाँ

शिक्षा मन्त्रालय

पाठ्यक्रम अनुरुप बहुप्रश्नपत्रको आधारमा प्रवेशिका परीक्षा सञ्चालनको सुरुवात भइसकेको छ कक्षा ११ र १२ को परीक्षा उच्चस्तरीय माध्यमिक शिक्षा परिषद्ले र प्रविणता प्रमाणपत्रको परीक्षा सम्बन्धित विश्वविद्यालयबाट लिँदै आएको पाइन्छ।यी सबै खाले परीक्षाको औचित्यता, स्तरीयताका बारेमा प्रश्नहरु उठ्ने गरेका छन्।तहगत परीक्षा खारेज भएमा सबै प्रकारका विद्यालयले सरकारी पाठ्यक्रम लागू गरेको भन्ने सुनिश्चितता कसरी गर्ने हो?त्यस सम्बन्धमा अन्यौलता रहेको छ।परीक्षाको निहुँमा लिइने शुल्क विद्यार्थीको निम्ति थप भार हुने गरेको जनगुनासो रहेको छ।यस सन्दर्भमा परीक्षाको समुच्चा नीतिको अवलम्बन गरिनु आवश्यक छ।

५.३ रणनीति / कार्यनीतिः

५.३.१ कक्षा १ देखि ५ सम्म निरन्तर मूल्याङ्कन प्रणाली अनुसार कक्षा चढाइने (promotion) व्यवस्था गरिने छ। कक्षा ५ को अन्त्यमा अंग्रेजी, नेपाली र गणित विषयमा जि.शि.का.द्वारा निर्धारित नमूना प्रश्न पत्रको आधारमा सम्बन्धित विद्यालयले परीक्षा लिनेछ। यस्तो परीक्षा समेतमा कुनै शुल्क लिन पाइनेछैन।

५.३.२ निम्न माध्यमिक तहको अन्तिम परीक्षा जिल्लास्तरीय हुनेछ। उक्त परीक्षा तोकिएको माध्यमिक विद्यालयको सुपरीवेक्षणमा लिइने छ।

५.३.३ उच्च माध्यमिक शिक्षालाई विद्यालय शिक्षा भित्रै समायोजन गरी राष्ट्रभरी एकै मापदण्ड११ र १२ कक्षा सञ्चालन भई एकै प्रकारको परीक्षा प्रणाली लागू भएपछि एस.एल.सी. परीक्षालाई क्षेत्रीयस्तरमा विकेन्द्रीकरण गरिनेछ।

५.३.४ विद्यालयको उपलब्धिलाई मापन गर्ने र शिक्षामा सुधार ल्याउने उद्देश्यले आवधिकरुपमा प्रत्येक तहका विद्यार्थीहरुका राष्ट्रिय उपलब्धि मापन (National Assesment Study) गरी शिक्षा पद्वतिको अनुगमन गर्ने प्रथा बसालिने छ। यस्तो अध्ययन शिक्षा मन्त्रालयको आफ्नो संयन्त्रबाट गर्ने गराउने नीति लिइने छ। यसबाट अध्ययनका नतिजाप्रति शिक्षा मन्त्रालयको स्वामित्व बढाउन मद्दत मिल्ने छ।

५.४ कार्ययोजनाको आधारः

५.४.१ कक्षा १ देखि ५ सम्म निरन्तर मूल्याङ्कन प्रणाली लागू गर्न आवश्यक तयारी गर्ने : कक्षा १ देखि ५ सम्म निरन्तर मूल्याङ्कन प्रणाली अनिवार्य व्यवस्था गर्ने कार्य शैक्षिक सत्र २०५९ बाट शुरु गरिनेछ। यसका लागि आवश्यक तयारी पाठ्यक्रम विकास केन्द्रले तत्काल सुरु गर्नेछ।

५.४.२ निम्नमाध्यमिक तहका जिल्लास्तरीय परीक्षा सम्बन्धित माध्यमिक विद्यालय मार्फत गराउने : नि.मा.वि. तहको जिल्लास्तरीय परीक्षा कायमै रहनेछ तर यस्ता परीक्षा उक्त तह पार गरेर जाने विद्यार्थीहरुका लागि माध्यमिक तहको शिक्षा प्रदान गर्ने सम्बन्धित माध्यमिक विद्यालयहरुले सञ्चालन, रेखदेख गर्ने गरी जिल्ला शिक्षा कार्यालयले तोक्नेछ। यसको कार्य यसै शैक्षिक सत्रदेखि थालनी गरिनेछ।

५.४.३ एस.एल.सी. परीक्षालाई क्षेत्रीयकरण गर्ने : एस.एल.सी परीक्षालाई क्षेत्रीयकरण गर्ने कार्य शिक्षा मन्त्रालयले दीर्घकालिन योजना अन्तर्गत राख्नेछ।

५.४.४ कक्षा १२ लाई माध्यमिक तहको अन्तिम परीक्षाको रुपमा लिने : कक्षा ११ का परीक्षा सम्बन्धित विद्यालयले नै लिने र कक्षा १२ का परीक्षाहरुलाई विद्यालय शिक्षाको अन्तमा लिइने परीक्षाका रुपमा विकास गर्न शिक्षा मन्त्रालय र उच्च माध्यमिक शिक्षा परिषद्ले तत्कालै कार्य सुरु गर्नेछन्। तर सबै विद्यालयहरुमा +२ को व्यवस्था प्रवीणता प्रमाणपत्र तहबाट विस्थापित भई नआएसम्मका लागि भने एस.एल.सी. लाई नै विद्यालय शिक्षाको अन्तिम परीक्षाको रुपमा मानिने छ।

५.४.५ तहगतरुपमा विद्यार्थीका उपलब्धि मापन गरी शैक्षिक प्रणालीको अनुगमन गर्ने : शैक्षिक प्रणालीको अनुगमन गर्न र समयमै आवश्यक सुधार ल्याउन तहगत शिक्षाको अन्तिम तहमा पुग्ने विद्यार्थीहरुका राष्ट्रिय उपलब्धि मापन शिक्षा मन्त्रालयको नियमित कार्यभित्र पार्न तत्कालै शिक्षा मन्त्रालयले आवश्यक गृहकार्य सुरु गर्नेछ।

शिक्षा मन्त्रालय

# ६. शिक्षक व्यवस्थापन

६.१ पृष्ठभूमि

६.१.१ शिक्षकहरुको नियुक्तिलाई व्यवस्थित गरिनुपर्ने, धेरै वर्ष अस्थायीरुपमा शिक्षक भर्ना गर्ने प्रथा हटाइनुपर्ने, शिक्षकहरुको लागि नियमितरुपमा सेवा प्रवेश तालिमको व्यवस्था गरिनुपर्ने,शिक्षकहरुको विवरणलाई जिल्ला शिक्षा कार्यालयमा अध्याबधिक रुपमा राख्नुपर्ने इत्यादि सुझावहरु राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले दिएको छ।

६.१.२ शिक्षण पेशामा सक्षम व्यक्तिहरुको छनोटलाई सुनिश्चित गर्न अध्यापन अधिकारपत्र लागू गरी त्यस्तो अधिकार प्राप्त व्यक्तिहरुमध्येबाट मात्र प्रतिस्पर्धा गराई राष्ट्रिय शिक्षक सेवा आयोगले शिक्षक नियुक्ति गर्नुपर्ने कुरालाई उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा सुझाव गरिएको छ।

६.१.३ शिक्षक तथा कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक र सेवा सम्बन्धी सबै कुरा विद्यालय स्थापनाको प्रस्ताव(स्कुल चार्टर) मा उल्लेख हुनुपर्ने र शिक्षकको न्यूनतम तलब र सुविधा श्री ५ को सरकारले निर्धारण गरे अनुरुप दिइनुपर्ने पारदर्शी व्यवस्थाका अतिरिक्त महिलालाई प्राथमिकताको व्यवस्था हुनुपर्ने कुरा निजी क्षेत्रका विद्यालय व्यवस्थापनसम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५मा सुझाव गरिएको छ।

६.१.४ शिक्षा नियमावली २०४९ले सार्वजनिक विद्यालयमा कार्यरत शिक्षकहरुले पाउनु पर्ने सुविधाहरुका सम्बन्धमा व्यवस्था गरेको छ।

६.१.५ शिक्षा नियमावली २०४९ले निजी विद्यालय व्यवस्थापन समितिको काम,कर्तव्य र अधिकार अन्तर्गत शिक्षक,कर्मचारीलाई श्री ५ को सरकारले तोकिदिएको स्केलमा नघट्ने गरी तलब भत्ता खुवाउने उल्लेख गरेको छ।

६.१.६ सार्वजनिक विद्यालयका शिक्षकहरुको अभिलेख अद्यावधिक राख्नको लागि शिक्षा नियमावली २०४९ ले शिक्षक कितावखानाको व्यवस्था गरेको छ।

६.१.७ सार्वजनिक विद्यालयका शिक्षकहरुको नियुक्ति र बढुवाका लागि सिफारिस गर्न शिक्षा ऐन २०२८ ले राष्ट्रिय शिक्षक सेवा आयोगको व्यवस्था गरेको छ।

६.२ विद्यमान समस्याहरु

६.२.१ सार्वजनिक विद्यालयका शिक्षकहरुको तलब,भत्ता,उपदान, औषधि उपचार,पेन्सन आदि सम्पूर्ण सुविधा सरकारले व्यहोर्दै आएको र उनीहरुको सेवा,शर्त र सुविधाका सम्बन्धमा शिक्षा नियमावली २०४९ ले सुनिश्चितता प्रदान गरेको छ।निजी विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुका सम्बन्धमा अधिकांशले आफ्नो सेवा, शर्त र सुविधाको सम्बन्धमा सुनिश्चितताको अनुभव गर्न सकेका छैनन्।

६.२.२ सार्वजनिक विद्यालयका शिक्षकहरुको व्यवस्थापन अर्थात भर्ना, तालिम,वृत्तिविकास, सरुवा आदि प्रभावकारी रुपबाट हुन सकेका छैनन्।सार्वजनिक विद्यालयका शिक्षकहरुको विद्यालयमा नियमितता(Regularity)बारे प्रश्न उठेको छ। शिक्षक भर्ना गर्दा स्तरीय शिक्षक भर्ना गर्न र रिक्त शिक्षक पदमा स्थायी तवरले छिटो छरितो नियुक्ति गर्न सकिएको छैन।राष्ट्रिय शिक्षक सेवा आयोग,लोकसेवा आयोग जस्तो निष्पक्ष हुन सक्ने कुरामा शंका उठेको छ।केन्द्रीयस्तरमा नियुक्ति गरिएका शिक्षकहरु व्यवस्थापन समितिप्रति उत्तरदायी हुन सक्छन् सक्दैनन् भन्ने कुरा पनि छलफलको विषयको रुपमा देखा पर्दछ।व्यवस्थापन समितिले शिक्षक छनोट गर्दा स्तरीय शिक्षक छनोट गर्न सक्दैन भन्ने तर्क पनि सवल नै रहेको छ। विद्यालय व्यवस्थापन समितिले शिक्षकहरुको छनोट र व्यस्थापन गर्दा व्यवहारिक कठिनाइहरु उत्पन्न हुन सक्ने सम्भावनाहरु पनि छन्।यी सबै कुरा विचार गरी शिक्षक व्यवस्थापनको नीति तय गर्नु एउटा चुनौतिपूर्ण कार्य हुन पुगेको छ।

६.२.३ माध्यमिक विद्यालयमा नयाँ पाठ्यक्रम लागू गरियो तर विषय शिक्षकको व्यवस्था गर्न सकिएन।

६.३. रणनीति / कार्यनीतिः

६.३.१ शिक्षकहरुको पेशागत दक्षतामा वृद्धि गर्न र शिक्षामा गुणस्तर वृद्धि गर्न शिक्षण लाइसेन्स प्रणाली सबै प्रकारका विद्यालयमा लागू गरिने छ। शिक्षण लाइसेन्सका लागि परीक्षा लिइने छ। तालिम अप्राप्त व्यक्तिले यस्ता परीक्षामा सामेल हुन पाउने छैन। शिक्षण लाइसेन्स प्रत्येक ५ वर्षमा नविकरण गर्नु पर्नेछ। लाइसेन्स नविकरणका प्रक्रियाहरु शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछन्। लाइसेन्स वितरण र नविकरणका कार्य राष्ट्रिय शिक्षक सेवा आयोगबाट हुनेछ।

६.३.२ तालिम अप्राप्त र शिक्षण लाइसेन्स नपाएका कुनै पनि व्यक्तिलाई शिक्षक पदमा नियुक्ति दिइने छैन।

६.३.३ अव नियुक्ति हुने शिक्षकहरु शिक्षण लाइसेन्स प्राप्तहरुमध्येबाट मात्र प्रतिस्पर्धा गराई विद्यालय व्यवस्थापन समितिले छनौट गर्नेछ।

६.३.४ हाल कार्यरत शिक्षकहरुको सम्बन्धमा आगामी ५ वर्षभित्रमा स्थायी लाइसेन्स लिइसक्नुपर्ने सर्तमा सबैलाई अस्थायी लाइसेन्स प्रदान गरिनेछ। स्थायी लाइसेन्स प्राप्त गर्न राष्ट्रिय शिक्षक सेवा आयोगबाट सञ्चालन हुने परीक्षा उत्तीर्ण गर्न अनिवार्य हुनेछ।

६.३.५ आगामी ५ वर्षभित्रमा पनि लाइसेन्स लिन नसक्नेहरुका लागि आवश्यक सुविधा दिई स्वेच्छिक अवकासको मौका दिइनेछ।

६.३.६ नयाँ पुराना सबै विद्यालयमा अव नियुक्ति हुने शिक्षकको लागि तलव एकमुष्ट अनुदान (Block Grant) को रुपमा दिइने छ। अव नियुक्त हुने शिक्षकको हकमा प्राथमिक तहका लागि उच्चमाध्यमिक वा सो सरह उत्तीर्ण र निम्नमाध्यमिक र

शिक्षा मन्त्रालय

माध्यमिक तहको हकमा स्नातक तह उत्तीर्णलाई न्यूनतम योग्यता मानिने छ। निजहरुको तलव र सुविधा जुन तहका लागि नियुक्ति पाएको हो सोही तहको लागि श्री ५ को सरकारले तोके बमोजिम हुनेछ।

६.३.७ सबै प्रकारका विद्यालयहरुले श्री ५ को सरकारले तोकेको न्यूनतम तलव रकममा नघटाई तलव र अन्य सुविधा दिनु पर्दछ। संस्थागत विद्यालयको हकमा न्यूनतम तलव भन्दा २५ प्रतिशत सम्म थप गर्न सकिने छ।

६.३.८ विद्यालयहरुमा कार्यरत शिक्षकहरुको उपदान, निवृत्तिभरण, औषधिउपचार लगायत सहुलियत प्रदान गर्ने दायित्व विद्यालय व्यवस्थापन समितिको हुनेछ।

६.३.९ सबै प्रकारका विद्यालयमा कार्यरत शिक्षकहरुको अभिलेख सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा अद्यावधिकरुपमा राखिनेछ।

६.३.१० नियमितरुपमा विद्यालयमा उपस्थित भई स्तरीय शिक्षा प्रदान गर्नु शिक्षकको दायित्व हुनेछ।

६.३.११ विद्यालय हाताभित्र र विद्यालय समयभित्र शिक्षकहरुले राजनैतिक क्रियाकलाप गर्नु गराउनु हुँदैन र विद्यार्थीलाई त्यस्ता क्रियाकलापमा सहभागी गराउनु हुँदैन।

६.४ कार्ययोजनाको आधारः

६.४.१ शिक्षकहरुको तालिममा पहूँच बढाउने : सम्पूर्ण शिक्षक तालिम प्राप्त हुनैपर्ने मान्यतालाई कार्यरुप दिन तालिम दिने निकायहरु कति संख्यामा आवश्यक हुन्छ भन्ने कुराको तत्काल‍ै अध्ययन गराई तालिममा पहूँचको व्यवस्था गरिनेछ। यस्तो कार्यमा शैक्षिक जनशक्ति विकास केन्द्र, माध्यमिक शिक्षा विकास केन्द्र, उच्चमाध्यमिक शिक्षा परिषद् तथा शिक्षाशास्त्र संकायहरुलाई संलग्न गराइनेछ। तालिमको पहूँच बढाउनु सरकारको दायित्व हुनेछ। तालिम लिनु शिक्षकको दायित्व मानिनेछ। यसलाई अल्पकालीन योजनाभित्र समावेश गरिनेछ। यसरी पहूँचमा सुनिश्चितता भइसकेपछि शिक्षक तालिम लिनेहरुका लागि कुनै पनि खर्च सरकारले व्यहोर्ने छैन।

६.४.२ शिक्षण लाइसेन्स प्रणाली लागू गर्ने : राष्ट्रिय शिक्षक सेवा आयोगले चालु आ.व. भित्रमा लाइसेन्सीङ्गका आधारहरु र परीक्षा प्रणालीको विकास गरिसक्नेछ। लाइसेन्सीङ्गको सुरुवात अल्पकालीन योजनाभित्र पारिएको छ।

६.४.३ राष्ट्रिय शिक्षक सेवा आयोगको कार्य शिक्षण लाइसेन्स दिने संस्थाको रुपमा विकास गर्ने : राष्ट्रिय शिक्षक सेवा आयोगलाई शिक्षण लाइसेन्सीङ्ग संस्थाको रुपमा विकास गर्न कानूनी प्रावधान मिलाइनेछ।

६.४.४ हाल कार्यरत शिक्षकहरुका लागि लाइसेन्सको व्यवस्था गर्ने : हाल कार्यरत शिक्षकहरुलाई अस्थायी लाइसेन्स दिने कामको थालनी राष्ट्रिय शिक्षक सेवा आयोगले यसै शैक्षिक सत्र देखि शुरु गर्नेछ।

शिक्षा मन्त्रालय

६.४.५ व्यवस्थापन समितिबाट शिक्षक नियुक्ति गर्ने कानूनी प्रावधानको व्यवस्था गर्ने : विद्यालय व्यवस्थापन समितिले नै रिक्त शिक्षक भर्ना गर्न पाउने र त्यसो गर्दा लाइसेन्स प्राप्त शिक्षकमध्येबाट मात्र छनौट गर्ने व्यवस्था मिलाउन तत्काल कानूनी प्रावधानको व्यवस्था शिक्षा मन्त्रालयले मिलाउने छ।

शिक्षा मन्त्रालय

# ७.    विद्यालय व्यवस्थापन

७.१ पृष्ठभूमि

७.१.१ विद्यालय संचालन र व्यवस्थापनको लागि प्रत्येक विद्यालयमा व्यवस्थापन समिति रहनुपर्ने कुरा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा उल्लेख छ।

७.१.२ निजी क्षेत्रका विद्यालयको व्यवस्थापनसम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ले भने निजी ट्रष्ट,संस्थागत ट्रष्ट र सेवामूलक व्यवसायको रुपमा सञ्चालन हुने विद्यालयको व्यवस्थापन समितिको संरचनालाई अलग-अलग रुपबाट प्रस्तावित गरेको छ र यस प्रकारको व्यवस्थापनलाई सल्लाह दिन प्रत्येक विद्यालयमा अभिभावक संघ(Parent Teacher Association) को गठन गर्न सकिने सुझाव प्रस्तुत गरेको छ।

७.१.३ शिक्षा नियमावली २०४९ले सार्वजनिक विद्यालयको लागि पूर्व प्राथमिक र प्राथमिकको लागि एक प्रकारको र निम्न माध्यमिक र माध्यमिकको लागि अर्को प्रकारको विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरेको छ।त्यस्तै निजी विद्यालयको लागि पनि अलग्गै विद्यालय व्यवस्थापन समितिको व्यवस्था गरिदिएको छ।सार्वजनिकमध्ये पनि पूर्व प्राथमिक र प्राथमिकमा विद्यालयको संस्थापक वा अभिभावकमध्येबाट जिशिअले र निमावि र माविको लागि विद्यालको संस्थापक,स्थानीय शिक्षाप्रेमी, समाजसेवी वा अभिभावकमध्येबाट जिल्ला शिक्षा समितिले मनोनित गरेको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष रहने प्रावधान रहेको छ।निजी विद्यालयको हकमा विद्यालयको संस्थापक वा विद्यालयले सिफारिस गरेका व्यक्तिहरुमध्येबाट जिशिअले मनोनित गरेको व्यक्ति अध्यक्ष रहने प्रावधान रहेको छ।

७.१.३ व्यवस्थापन संरचनालाई ऐनद्वारा नै व्यवस्थित गर्न शिक्षा(सातौँ संशोधन) विधेयक २०५७मा नयाँ प्रस्तावित गरिए अनुसार सार्वजनिक विद्यालयको हकमा अभिभावकहरुले आफूमध्येबाट निर्वाचन गरी पठाएको व्यक्ति अध्यक्ष रहने र व्यवस्थापन समितिमा निर्वाचित अभिभावक जनप्रतिनिधिको बाहुल्यता रहने व्यवस्था गरेको देखिन्छ।निजी विद्यालयको व्यवस्थापन समितिको संरचनालाई पनि विधेयकमा प्रस्तावित गरिएको छ।विद्यालय व्यवस्थापन समितिको मुख्यमुख्य काम,कर्तव्य,अधिकारहरु समेत विधेयकमा प्रस्तावित गरिएका छन्।

७.२ विद्यमान समस्याहरु

७.२.१ विद्यालय व्यवस्थापन समितिको गठन र काम कर्तव्य बारे विभिन्न प्रक्रियाहरु कार्यान्वयनमा आइसकेका छन्। स्थानीय निकायले व्यवस्थापन समिति बनाउने प्रक्रियाको पनि व्यवहारमा परीक्षण भइसकेको छ।जिल्ला शिक्षा अधिकारी वा जिल्ला

शिक्षा समितिबाट व्यवस्थापन समिति गठन गर्ने हाल विद्यमान प्रक्रियामा पनि विभिन्न समस्याहरु रहेका छन्।प्राथमिक तहको हकमा गाविस/नगरपालिकाको अधिकार क्षेत्र के हो? भन्ने अस्पष्टताको कारणले गर्दा कतिपय विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन गर्न समेत बाधा पुगेको छ। सार्वजनिक विद्यालयको हकमा निर्वाचित व्यवस्थापन समिति भएमा सरोकारवाला वर्गको सक्रिय सहभागिता हुने भई व्यवस्थापन प्रभावकारी हुन्छ भन्ने अवधारणा पनि पाइन्छ। निर्वाचित प्रक्रिया अपनाउँदा अझ बढी राजनीतिकरण हुन्छ भन्ने तर्कहरु पनि उठिरहेका छन्।सरोकारवालाहरुको प्रतिनिधित्व गराउन उत्तम माध्यम निर्वाचन वा अभिभावकको सहमति लिने प्रक्रिया नै हो।संस्थागत विद्यालयको सम्बन्धमा संस्थाको आफ्नै विधान र जिशिका बाट स्वीकृत विद्यालय प्रस्तावन पत्र (Charter) अनुसार भएमा यस्ता विद्यालयको स्वायत्तता सुनिश्चित गर्न मद्दत पुग्ने कुरा पनि विचारणीय रहेको पनि आएको छ।विद्यालय व्यवस्थापन समितिको अधिकार पनि स्पष्ट हुन आवश्यक देखिन्छ।

७.३. रणनीति / कार्यनीतिः

७.३.१ विद्यालयको सञ्चालन, रेखदेख, नियन्त्रण र व्यवस्था गर्न सबैप्रकारका विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहने छ।

७.३.२ सामुदायिक विद्यालयमा शिक्षक र अभिभावकलाई बढी जिम्मेवार बनाई विद्यालय व्यवस्थापनलाई अझ मजबुत पार्न शिक्षक, अभिभावक र स्थानीय प्रतिनिधि सहितको निर्वाचित व्यवस्थापन समिति रहने छ।

७.३.३ विद्यालय व्यवस्थापन समितिको गठन निम्न बमोजिम हुनेछ :

(क) समितिका सदस्यहरुले शिक्षक प्रतिनिधि बाहेक आफूहरुमध्येबाट निर्वाचन वा सहमति गरेको व्यक्ति – अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरुमध्येबाट निर्वाचन वा सहमति गरी पठाएका कम्तिमा एक जना महिला सहित ४ जना – सदस्य

(ग) विद्यालय रहेको गाउँ विकास समिति वा न.पा. को सम्बन्धित वडाको वडा अध्यक्ष – पदेन सदस्य

(घ) संस्थापक वा चन्दादाताहरुमध्येबाट जिल्ला शिक्षा अधिकारीले मनोनित गरेको १ जना – सदस्य

(ङ) स्थानीय बुद्धिजीवि, भूतपूर्व शिक्षक, भूतपूर्व प्रधानाध्यापक वा शिक्षाविद्हरुमध्येबाट समितिले मनोनित गरेको १ जना – सदस्य

(च) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना – सदस्य

(छ) प्रधानाध्यापक – सदस्य सचिव

७.३.४ प्राविधिक/व्यावसायिक विषयहरु हुने माध्यमिक तहका हकमा विद्यालय रहेको स्थान (Catchment Area) बाट समितिले उद्योग वा श्रम संगठनहरुबाट मनोनित गरेको २ जना थप सदस्यहरु रहनेछन्।

७.३.५ विद्यालय व्यवस्थापन समितिको अध्यक्षको न्यूनतम शैक्षिक योग्यता जुन तहको लागि हो सो तह भन्दा कम हुने छैन।

७.३.६ संस्थागत विद्यालयको हकमा विद्यालय रहेको स्थानको वडा अध्यक्ष, जि.शि.का. को प्रतिनिधि, शिक्षक, अभिभावक र स्थानीय बुद्धिजीविसमेतको प्रतिनिधित्व हुनेगरी ७ देखि ११ जनासम्मको विद्यालय व्यवस्थापन समिति संस्थाको विधान वा विद्यालय प्रस्तावन पत्र (Charter) अनुसार गठन हुनेछ।

७.३.७ सबै प्रकारका विद्यालयमा विद्यालय व्यवस्थापन समितिले शैक्षिक गुणस्तरवृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले ५ जनासम्मको अभिभावक शिक्षक समूह (Parent Teacher Association) को गठन गर्नेछ। उक्त समूहले नितान्त शैक्षिक अभिवृद्धिका लागि पहल गर्नेछ।

७.३.८ विद्यालय व्यवस्थापन समितिको अध्यक्षको एवम् सदस्यको पदावधी २ वर्षको हुनेछ। अभिभावकको हकमा विद्यालयको अभिभावक कायम रहेसम्ममात्र पदावधि रहनेछ। रिक्त स्थानमा माथिकै तरिका अपनाई पदपूर्ति गर्नुपर्नेछ। यसप्रकार वि.व्य.स. को अविछिन्नता कायम हुनेछ।

७.३.९ विद्यालय व्यवस्थापन समितिले गरेको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी प्र.अ.को हुनेछ।

७.३.१० विद्यालय व्यवस्थापन समितिको गठन र पदपूर्ति गर्ने सम्बन्धमा आवश्यक पहल गर्नु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ।

७.४. कार्ययोजनाको आधारः

७.४.१ विद्यालय व्यवस्थापन समितिको गठन र अधिकार कानूनमा व्यवस्थित गर्ने : यस समितिले सिफारिस गरे बमोजिमको व्यवस्थापन समितिको गठन र यसको अधिकारको व्यवस्था शिक्षा नियमावलीमा गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले तत्काले आवश्यक गर्नेछ।

७.४.२ विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको अभिमूखीकरण कार्यक्रम सञ्चालन गर्ने : यसको विद्यालय व्यवस्थापन समितिको माथि उल्लेख भए अनुसार आवश्यक कानूनी व्यवस्था सबै विद्यालयमा व्यवस्थापन समिति गठन गर्ने र समितिको सदस्यहरुलाई अभिमूखीकरण गर्ने कार्य जिल्ला शिक्षा कार्यालयले गर्नेछ।

शिक्षा मन्त्रालय

# ८. प्रधानाध्यापक

८.१ पृष्ठभूमि

८.१.१ विद्यालयको शैक्षिक तथा अन्य क्षेत्रको विकास धेरै हदसम्म प्रधानाध्यापककै क्षमतामा र दक्षतामा नर्भर रहने कुरा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा उल्लेख छ।

८.१.२ प्रधानाध्यापकको पदलाई व्यवस्थापक, विद्यालय तहको प्रशासक र सक्षम शैक्षिक नेतृत्व प्रदान गर्ने दायित्वकारुपमा सुदृढ गर्न नसकिएको एवम् प्रधानाध्यापकको नियुक्ति,काम,कर्तव्य तथा अधिकार नाम मात्रको रहेको कारणबाट अपेक्षित भूमिका निर्वाह हुन नसकेको कुरालाई उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले स्वीकार गरेको छ।प्रधानाध्यापकको भूमिकालाई प्रभावकारी बनाउने उपायहरुको सम्बन्धमा उक्त प्रतिवेदनले प्राथमिक तहमा निम्न माध्यमिकको,निम्नमाध्यमिक तहमा माध्यमिकको र माध्यमिक तहमा उच्चमाध्यमिकको योग्यता भएका शिक्षकलाई प्रधान अध्यापक बनाइनु पर्ने र तलबमानको २५ प्रतिशत रकम प्र.अ. भत्ताको व्यवस्था गरी प्र.अ.को काम, कर्तव्य र अधिकार ऐनद्वारा नै व्यवस्थित गरिनुपर्ने सुझावहरु प्रस्तुत गरेको छ।

८.१.३ शिक्षा नियमावली २०४९ को नियम ५९ मा प्रधान अध्यापक नियुक्तिका आधारहरु तोकिएका छन्।

८.१.४ राष्ट्रिय शिक्षक सेवा आयोग नियमावली २०५७ लागू भएपछि शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनमा प्रधानाध्यापकको पनि भूमिका रहने गरी थप व्यवस्था मिलाइएको छ।

८.२ विद्यमान समस्याहरु

८.२.१ विद्यालयको नेतृत्व लिनुपर्ने प्रधानाध्यापक अधिकार सम्पन्न नभएको र उक्त जिम्मेवारी बहन गर्न आवश्यक सुविधा नदिएको देखिन्छ।वास्तवमा विद्यालयको प्र.अ. हुन शिक्षकहरु उत्साहित देखिदैनन्।विद्यालयको शैक्षिक कार्यमा विना हस्तक्षेप प्र.अ.ले काम गर्ने वातावरण नरहेको कुरा चर्चामा आइरहेको छ।शिक्षकहरुले प्रधानाध्यापकको नेतृत्व स्वीकार गर्ने, निर्धारित मापदण्डको आधारमा शिक्षकहरुमध्येबाट प्रधानाध्यापक छनोट गर्ने र नियुक्त प्रधानाध्यापकलाई आवश्यक अधिकार र सुविधा प्रदान गर्नुपर्ने कुरामा आम सहमति रहेको देखिन्छ। संस्थागत विद्यालयको सम्बन्धमा तोकिएको प्रधानाध्यापक भन्दा संस्थापकहरुको नै बढी भूमिका रहनुले प्रधानाध्यापक कमजोर रहेको पाइन्छ तसर्थ नियुक्त प्रधानाध्यापकहरुलाई अधिकार सम्पन्न बनाउने व्यवस्था गरिनु आवश्यक भएको छ।

८.३ रणनीति / कार्यनीति

शिक्षा मन्त्रालय

८.३.१ विद्यालयको दैनिक प्रशासन, शैक्षिक व्यवस्थापन र नेतृत्वको जिम्मेवारी लिएको विद्यालय प्रमुखलाई प्रधानाध्यापक भनिनेछ र सबै प्रकारका विद्यालयमा उक्त जिम्मेवारी लिने व्यक्तिलाई प्रधानाध्यापकको नामबाट मात्र सम्बोधन गरिनेछ।

८.३.२ प्र.अ. को नियुक्ति विद्यालयका शिक्षकहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिको सिफारिसमा जिल्ला शिक्षा अधिकारीले गर्नेछ। संस्थागत विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिले प्र.अ. नियुक्ति गरी जि.शि.का. मा जानकारी दिनुपर्ने छ।

८.३.३ प्र.अ. सिफारिसका लागि निश्चित आधारहरु तोकिने छ र उक्त आधारमा दिइने अङ्कको कम्तिमा ७० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने शिक्षकलाई मात्र प्र.अ.मा सिफारिस वा नियुक्ति गर्न सकिनेछ। सिफारिसका आधारहरु अनुसूची ८.१ मा दिइए अनुसार हुनेछ। उक्त आधार सबै प्रकारका विद्यालयहरुमा समानरुपले लागू हुनेछ।

८.३.४ प्राथमिक तहसमेत रहेको माध्यमिक विद्यालयमा प्राथमिक तहको लागि शिक्षकहरु मध्येबाट एक जना प्राथमिक इन्चार्जको व्यवस्था प्रधानाध्यापकले गर्नेछ।

८.३.५ प्रधानाध्यापकलाई शैक्षिक नेतृत्व प्रदान गर्न शिक्षा नियमावलीमा नै व्यवस्था गरी अधिकार सम्पन्न बनाइने छ।

८.३.६ शिक्षकहरुलाई नियमितरुपमा कक्षामा पठनपाठनमा संलग्न गराउन, शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कन गर्न र दण्ड तथा पुरस्कारका लागि विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयमा सिफारिस गरी पठाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ।

८.३.७ अनुदान प्राप्त सामुदायिक विद्यालयका प्रधानाध्यापकले न्यूनतम तलवस्केलको १० प्रतिशत थप सहुलियत पाउनेछन्।

८.३.८ पेशागत संगठनमा कार्यकारी पद ओगटेका शिक्षक प्र.अ. का निम्ति योग्य मानिने छैनन्।

८.४. कार्ययोजनाको आधारः

८.४.१ प्रधानाध्यापकको पद, शैक्षिक योग्यता र सुविधा निर्धारणको कानूनी व्यवस्था गर्ने : प्रधानाध्यापकको पद, शैक्षिक योग्यता र सुविधाको कानूनी आधारहरु तयार पारी तत्कालै शिक्षा मन्त्रालयले शिक्षा नियमावलीमा व्यवस्था गर्नेछ।

८.४.२ प्रधानाध्यापक छनौटका आधारहरुको कानूनी व्यवस्था गरी लागू गर्ने : प्रधानाध्यापक छनौटका आधारहरुमा पनि तत्कालै शिक्षा नियमावलीमा व्यवस्था गरी आधार अनुसार मात्र प्र.अ. नियुक्ति गर्ने काम अल्पकालीन अवधिभित्र जिल्ला शिक्षा कार्यालय र व्यवस्थापन समितिले गर्ने गरी व्यवस्था मिलाइने छ।

# ९. विद्यालय समुदाय सम्बन्ध

९.१ पृष्ठभूमि

९.१.१ विद्यालय शिक्षाको बिस्तारमा सरकारको दायित्वमा मात्र भर नपरी जनसहभागितालाई परिचालित गर्ने नीतिलाई प्रोत्साहित गर्नु पर्ने कुरा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०५५ ले सिफारिस गरेको छ।

९.१.२ शिक्षा नियमावली २०४९ ले समुदायमा नै विद्यालय सञ्चालन हुने र समुदायको आवश्यकता पूर्तितर्फ विद्यालय शिक्षा अभिमुख रहने हुँदा विद्यालयको व्यवस्थापनमा अभिभावक, शिक्षक,महिला, शिक्षाप्रेमी लगायत पिछडिएको वर्ग वा समुदायको समेत प्रतिनिधित्वको व्यवस्था गरेको छ।

९.१.३ विद्यालय शिक्षाको विकास र गुणस्तर अभिवृद्धिमा स्थानीय समुदायको भूमिकालाई अझ विस्तृत बनाउन प्रस्तावित शिक्षा(सातौँ संशोधन) विधेयक २०५७मा गाउँ शिक्षा समितिलको व्यवस्था गरी विद्यालयको रेखदेख, नियन्त्रण र समन्वयमा समुदायलाई थप जिम्मेवारी प्रदान गरिएको छ।

९.१.४ निजी तथा आवासीय विद्यालयमा र समुदाय बीचको सम्बन्ध बलियो बनाउन प्रत्येक विद्यालयमा एक अभिभावक शिक्षक संघ(Parent Teacher Association) रहने व्यवस्थाका लागि निजी क्षेत्रका विद्यालयहरुको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ले सिफारिस गरेको छ।

९.२ विद्यमान समस्याहरु

९.२.१ निःशुल्क प्राथमिक शिक्षाको अवधारणा आएपछि समुदायले आफू विद्यालयको धेराबाट अलग रहेको महसुस गरेको छ।आफू रहेको समुदाय प्रति विद्यालयको कुनै जिम्मेवारी नरहेको गुनासो सुन्नमा आएको छ।विद्यालय समुदायको अभिन्न अङ्ग हो र समुदायले विद्यालयलाई सहयोग गर्नुपर्छ भन्ने भावना विकसित गर्न सके शिक्षामा रहेका विसङ्गतिहरुलाई हटाई गुणस्तर वृद्धिमा टेवा पुग्न सक्छ भन्ने कुरा विभिन्न अध्ययनहरुले देखाएकाछन्।निजी विद्यालयको हकमा पनि विद्यालयहरु अभिभावक प्रति जिम्मेवार नरहेको भन्ने दोषारोपण हुन थालेको छ।यस्तो अवस्थामा सुधार ल्याउनका निम्ति विद्यालय शिक्षा नीतिमा नै समुदायको भूमिकाको व्यवस्था हुनुपर्ने देखिएको छ।

९.३. रणनीति / कार्यनीति

९.३.१ सामुदायिक विद्यालय व्यवस्थापन समितिले समुदायसँग निकटतम सम्पर्कमा रही कार्य गर्नेछ। विद्यालयको लागि स्रोत साधन जुटाउने, विद्यालयको भौतिक विकास, विस्तार एवम् मर्मत, सम्भार कार्यमा स्थानीय सहभागीता परिचालन गर्ने काम समुदायको हुनेछ।

९.३.२ विद्यालयको आर्थिक, शैक्षिक तथा प्रशासनिक क्रियाकलापहरु नियमितरुपमा विद्यालयले समुदायलाई जानकारी गराउनु पर्नेछ।

९.३.३ संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिले अभिभावकहरुको सम्पर्कमा रही अभिभावकको चासोलाई ध्यानमा राखी कार्य गर्नु पर्नेछ।

९.३.४ सबै प्रकारका विद्यालयमा अभिभावक शिक्षक समूह (PTA) को भूमिका यस कार्यमा विशेष महत्वपूर्ण हुनेछ।

९.३.५ सबै प्रकारका विद्यालयले वार्षिकरुपमा अभिभावक भेला गराउनु अनिवार्य हुनेछ। उक्त भेलामा विद्यालयको आयव्यय र शैक्षिक उपलब्धि समेत झल्कनेगरी समग्र स्थितिको विवरण पेश गर्नुपर्ने छ।

९.४. कार्ययोजनाको आधारः

९.४.१ विद्यालय समुदाय सम्बन्ध : विद्यालय र समुदायबीचको सम्बन्ध कायम गर्ने उपायहरुका वारेमा प्रधानाध्यापकलाई तालीमको माध्यमबाट जानकारी गराउने कार्य शिक्षा मन्त्रालयले सुरु गर्नेछ।

शिक्षा मन्त्रालय

## १०. स्थानीय निकायको भूमिका

१०.१ पृष्ठभूमि

१०.२ विद्यमान समस्याहरु

१०.३. रणनीति / कार्यनीतिः

१०.३.१ शिशु विकास कार्यक्रम तीन वर्ष उमेर पूरा गरेका र ५ वर्ष उमेर पूरा नभएका बालबालिकाका लागि २ वर्षको लागि मात्र हुनेछ। यो कार्यक्रमलाई कार्यान्वयन गर्न आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले १ वर्ष भित्र परीक्षण गरी ५ वर्षको अन्तरालमा अधिराज्यव्यापी रुपमा लागू गर्नेछ।

१०.३.२ शिशु विकास कार्यक्रमको संचालन, रेखदेख, व्यवस्थापनको दायित्व सम्बन्धित गाउँ विकास समिति/नगरपालिका वडा समितिको हुनेछ। यसका लागि नीति तथा कार्यक्रम ल्याइनेछ। कार्यक्रम निम्न तत्वहरुमा आधारित हुनेछः–

(क) शिशु विकास कार्यक्रममा भर्ना हुने शिशुहरुबाट शुल्क उठाइने छैन। यसका लागि सम्बन्धित गा.वि.स./न.पा., वडा समितिले शिक्षा तथा खेलकूद मन्त्रालय, स्वास्थ्य मन्त्रालय र स्थानीय विकास मन्त्रालयसँग समन्वय गरी खर्चको व्यवस्था मिलाउनेछ।

(ख) समुदायले संचालन गर्ने शिशु विकास कार्यक्रमका लागि श्री ५ को सरकारको अनुदान, गैरसरकारी संस्था एवं स्थानीय स्रोतको परिचालन गरिनेछ। श्री ५ को सरकारले अनुदान दिंदा प्राथमिक विद्यालयको सेवा क्षेत्रलाई आधार बनाउनेछ।

(ग) शिशु विकास कार्यक्रम विद्यालयमा आधारित पनि हुन सक्नेछ। यस्ता कार्यक्रममा श्री ५ को सरकारको अनुदान प्राप्त हुनेछैन।

(घ) शिशु विकासका नाममा कक्षा शिक्षण गर्ने पूर्व प्राथमिक विद्यालयहरु संचालन गर्न पाइने छैन।

(ङ) ५ वर्ष उमेर पूरा भई ६ वर्ष नलागिसकेका कुनै पनि बालबालिकालाई प्राथमिक तहमा भर्ना गरिनेछैन। त्यस्तै १० वर्ष उमेर नाघेका कुनै पनि बालबालिकालाई नियमित प्राथमिक तहमा भर्ना गरिने छैन।

(च) ६ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि शिशु विकास कार्यक्रममा र १० वर्ष नाघेकाका लागि "विद्यालय बाहिरका बालबालिकका लागि कार्यक्रम (OSP)" अन्तर्गत भर्ना गर्नु पर्ने छ। यसको जवाफदेहिता सम्बन्धित प्रधानाध्यापक र स्थानीय निकायको हुनेछ।

(छ) विभिन्न मन्त्रालयकाबीच समन्वय गरी शिशु विकास कार्यक्रमलाई प्राविधिक र आर्थिक सहयोग पुऱ्याउन एउटा उच्चस्तरीय समन्वय समिति रहनेछ।

(ज) शिशु विकास कार्यक्रममा प्रति विद्यार्थी प्रति वर्ष रु. २ हजारका दरले गरिने खर्चमा श्री ५ को सरकारले ५० प्रतिशत अनुदान दिनेछ।

शिक्षा मन्त्रालय

१०.३.३ स्थानीय स्तरमा शिक्षा विकासको लागि गाउँ शिक्षा समिति र नगरपालिकामा वडास्तरीय शिक्षा समिति गठन गरिनेछ। यसको संगठनको ढाँचा शिक्षा नियमावलीले तोके अनुसार हुनेछ।

१०.३.४ जिल्लास्तरमा शिक्षा विकासका लागि जिल्ला शिक्षा समिति रहनेछ। यसको गठन शिक्षा नियमावलीले तोके अनुसार हुनेछ।

१०.३.५ गाउँ विकास समिति/नगरपालिकाको सम्बन्धित वडा समितिले गाउँ शिक्षा समिति/नगरशिक्षा समिति मार्फत प्राथमिक तहको शिक्षाका निम्न स्रोत परिचालन गर्न र शिक्षकको नियमितताको अनुगमन गर्न विद्यालय व्यवस्थापन समितिलाई सहयोग गर्नेछ।

१०.३.६ जिल्ला विकास समितिले जिल्ला शिक्षा समिति मार्फत निम्नमाध्यमिक र माध्यमिक तहको शिक्षाका निम्ति स्रोत परिचालन गर्न र शिक्षकका नियमितताको अनुगमन गर्न विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयलाई सहयोग गर्नेछ।

१०.३.७ स्थानीयस्तरमा शैक्षिक योजनाको तर्जुमामा स्थानीय निकायहरुलाई जिम्मेवार बनाइनेछ।

१०.४ कार्ययोजनाको आधारः

१०.४.१ शिशु विकास कार्यक्रम संचालन गर्ने नीति निर्माण गर्नेः आगामी शैक्षिक सत्रदेखि प्रत्येक गा.वि.स.मा कम्तिमा एउटा शिशु विकास केन्द्र संचालन गर्न शिक्षा मन्त्रालयले शिक्षा नियमावलीमा तत्कालै आवश्यक संशोधन गर्नेछ।

१०.४.२ गा.वि.स.बाट कार्यक्रम संचालन गर्न अनुदान उपलब्ध गराउनेः शिशु विकास कार्यक्रमका लागि सरकारी अनुदान र स्रोत परिचालनका विकल्पहरुको अध्ययन गरी ६ महिनाभित्रमा टुङ्गो लगाउन शिक्षा विभागले आवश्यक पहल गर्नेछ।

शिक्षा मन्त्रालय

# ११. संगठनात्मक संरचना र जवाफदेहिताः

११.१ पृष्ठभूमि

११.१.१ वर्तमान सङ्गठनात्मक संरचनामा शिक्षक, प्रधानाध्यापक, व्यवस्थापन समिति, स्थानीय निकाय, जि.शि.का., जिल्ला शिक्षा समिति, क्षे.शि.नि., शिक्षा विभाग, केन्द्रियस्तरका निकायहरु र शिक्षा तथा खेलकुद मन्त्रालय रहेकाछन्।

११.१.२ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले शैक्षिक व्यवस्थापनलाई बढी प्रभावकारी र दक्ष तुल्याउन व्यवस्थापनका संगठनबाट अनावश्यक तह हटाई तल्लो तहसम्म अधिकार प्रत्यायोजन गर्न सुझाव दिएको छ।

११.१.३ नियमित निरीक्षण तथा अनुगमन प्रणालीलाई सक्षमरुपमा सञ्चालन गर्न नसकेको कारणबाट विद्यालयमा अनियमितता तथा स्वेच्छाचारिता बढेको कुरालाई उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले पनि औँल्याएको छ।

११.१.४ निजी क्षेत्रको विद्यालय व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ ले निजी क्षेत्रका विद्यालयहरुको संगठन, व्यवस्थापन र सञ्चालनमा जवाफदेहीताको अभाव रहेको छ भनी उल्लेख गरेको छ।

११.२ विद्यमान समस्याहरु

११.२.१ शिक्षा तथा खेलकुद मन्त्रालय र केन्द्रिय निकायहरु प्राविधिक सेवा पुऱ्याउने निकायको रुपमा विकास हुन सकेका छैनन्। अत्यधिक प्रशासनिक कामको चापले मापदण्ड निर्धारण गर्ने र त्यसको अनुगमन गरी नीति निर्माणमा व्यवहारिकता ल्याउने कार्य हुन सकेको छैन।यी केन्द्रीय निकायहरु बीच समन्वय नभई आ-आफ्नो कार्य स्वतन्त्ररुपमा गरेको आभास हुन्छ। त्यसैगरी जिल्ला शिक्षा कार्यालयहरु शैक्षिक नेतृत्व लिन र तोकिएका नियम कानुनलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सफल देखिएका छैनन्।विद्यालय व्यवस्थापन समिति गठन भएका ठाउँमा पनि अत्यधिक फेरबदलले गर्दा यो निकाय पनि कमजोर हुन पुगेको छ। प्र.अ.अधिकार सम्पन्न नभएकाले विद्यालयको शैक्षिक नेतृत्व कमजोर भएको छ। सबै तहमा अनुगमन र निरीक्षण गरी सो अनुसार पृष्ठपोषण लिई सुधार गर्ने परिपाटी सून्य प्राय छ।

११.३ रणनीति/कार्यनीतिः

११.३.१ विद्यालयदेखि मन्त्रालयसम्मको हरेक निकायहरुको व्यक्ति र संस्थाको जवाफदेहिता सुनिश्चित गरिनेछ।

११.३.२ शिक्षा तथा खेलकूद मन्त्रालयले नीति एवं मापदण्ड निर्धारण र अनुगमन गर्ने कार्य गर्नेछ र मन्त्रिपरिषद् प्रति जवाफदेही हुनेछ।

११.३.३ शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गतको शिक्षा विभाग विद्यालयस्तरको शिक्षा व्यवस्थित गर्न पूर्ण जिम्मेवार हुनेछ र यसले विद्यालयस्तरीय कार्यक्रम तर्जुमा, कार्यान्वयन र मूल्यांकन गर्नेछ। शिक्षा विभाग शिक्षा तथा खेलकूद मन्त्रालयप्रति जवाफदेही हुनेछ।

११.३.४ विद्यालय शिक्षा सम्बन्धी योजनाको कार्यान्यन गर्ने जिम्मेवारी जिल्ला शिक्षा कार्यालयको हुनेछ। जिल्ला शिक्षा कार्यालय शिक्षा विभागप्रति जवफदेही हुनेछ।

११.३.५ विद्यालय व्यवस्थापन समिति स्थानीय समुदाय र जिल्ला शिक्षा कार्यालयप्रति जवाफदेही हुनेछ।

११.३.६ प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयप्रति जवाफदेही हुनेछ।

११.३.७ विद्यालय निरीक्षण प्रणालीलाई विद्यालय नियमितताको रुपरेखाको कार्यान्वयनको अनुगमन गर्ने संयन्त्रको रुपमा विकास गरिनेछ। यसका लागि निम्न उपाय कानूनमा व्यवस्था गरिनेछः–

(क) प्रत्येक वर्ष विद्यालय निरीक्षकले प्रत्येक विद्यालयको अनुगमन प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी सुधारका लागि कार्यान्वयनको सिफारिस सहित एक प्रति जिल्ला शिक्षा कार्यालय र एकप्रति शिक्षा तथा खेलकूद मन्त्रालयमा पठाउनु पर्नेछ।

(ख) तोकिएको सिफारिस अनुसार आवश्यक जाँचबुझ गरी जिल्ला शिक्षा कार्यालयको अधिकार क्षेत्रभित्रका कुराहरुमा जिल्ला शिक्षा अधिकारीले तत्कालै कार्यान्वयन गरी सोको जानकारी मन्त्रालयमा दिनु पर्नेछ।

(ग) विद्यालय निरीक्षकहरु जिल्ला शिक्षा कार्यालयको समूह (Pool) मा रहनेछन् र विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि संचालन भएका कार्यक्रमहरुको अनुगमन गर्न र नियमितताको रुपरेखाको अनुगमन गर्न उपयुक्त योजना सहित मासिक रुपमा परिचालन गरिनेछन्।

११.३.८ शिक्षा क्षेत्रको नीति निर्माण कार्यमा सहयोग पुऱ्याउन छुट्टै कानूनी व्यवस्था सहित राष्ट्रिय शिक्षा समितिको गठन गरिनेछ।

११.३.९ जिल्ला शिक्षा समितिको कार्यक्षेत्र निम्नमाध्यमिक र माध्यमिक शिक्षा विकासमा केन्द्रीत रहनेछ र जिल्ला विकास समितिसँग समन्वय गरी जिल्लाको शिक्षा विकासमा सहयोग पुऱ्याउनु यसको कार्य हुनेछ। यसको भूमिका जिल्लास्तरीय शिक्षाका नीति, योजना एवं कार्यक्रमको निर्माण र अनुगमनमा सीमित रहनेछ।

११.३.१० गाउँ शिक्षा समिति/नगर वडा स्तरीय शिक्षा समितिको कार्यक्षेत्र प्राथमिक शिक्षा विकासमा केन्द्रीत रहनेछ। यसले गा.वि.स./न.पा.सँग समन्वय गरी गाउँ/नगरको शिक्षा विकासमा सहयोग पुऱ्याउनेछ। यसको भूमिका गाउँ/नगर वडा स्तरीय शिक्षाका नीति, योजना एवं कार्यक्रमका निर्माण र अनुगमन गर्ने कार्यमा सीमित रहनेछ।

११.३.११ शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गतका केन्द्रीय निकायहरु (पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, माध्यमिक शिक्षा विकास परियोजना, दूर शिक्षा केन्द्र आदि) को कार्य शिक्षा विभाग र शिक्षा तथा खेलकूद मन्त्रालयलाई प्राविधिक सेवा उपलब्ध गराउनु हुनेछ।

११.३.१२ क्षेत्रीय शिक्षा निर्देशनालयलाई एस.एल.सी. परीक्षाको विकेन्द्रीकरण भएपछि सो कार्य संचालन गर्ने जिम्मेवार एकाइको रुपमा विकसित गरिनेछ।

११.३.१३ संगठनको संरचना र जवाफदेहीताको सारांश अनुसूची ११.१ मा दिइएको छ।

११.४ कार्ययोजनाको आधारः

११.४.१ प्रत्येक संरचनाको काम कर्तव्य अधिकारलाई पुनरावलोकन गरी कानूनी रुपमा निर्धारण गर्नेः रणनीतिमा उल्लेख भएका संगठनात्मक संरचना अनुसार प्रत्येक निकायको जवाफदेहिता स्पष्ट हुनेगरी अल्पकालिन समयभित्र शिक्षा मन्त्रालयले कानूनी व्यवस्था गर्नेछ।

११.४.२ जवाफदेहिता किटान गरी कार्यान्वयन गर्ने कार्य छुट्टै कार्यदल बनाई थालनी गरिनेछ।

शिक्षा मन्त्रालय

# १२. स्रोत र साधनः

१२.१ पृष्ठभूमि

१२.१.१ प्राथमिक विद्यालयका शिक्षकहरुको तलवभत्ता तथा मसलन्दको लागि चाहिने सम्पूर्ण रकम श्री ५ को सरकारबाट अनुदानस्वरुप प्राप्त हुनुपर्ने र विद्यालयहरुको शैक्षिक विस्तार र गुणस्तर वृद्धिको लागि विशेषतः स्थानीय स्रोत र साधनलाई प्रयोग गरिनुपर्ने सुझाव राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा उल्लेख भएको छ।

१२.१.२ शिक्षा क्षेत्रलाई उपलब्ध साधनहरुबाट तवल भत्ताका लागि ७० प्रतिशत र पहुँच र गुणस्तरका लागि ३० प्रतिशतका दरले बाँडफाँड हुनुपर्ने, स्थानीय निकायहरुले आफ्नो कूल बजेटको कम्तिमा पनि १० प्रतिशत शिक्षा क्षेत्रको भौतिक विकास तथा गुणस्तर विकासका लागि विनियोजित गर्नुपर्ने कुराहरु उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा सुझावका रुपमा उल्लेख भएका छन्।उक्त प्रतिवेदनले कूल ग्राहस्थ उत्पादनको ३.४ प्रतिशत वा कूल सरकारी बजेटको १७ प्रतिशत शिक्षामा लगानी गर्न प्रस्ताव गरेको छ।

१२.१.३ शिक्षा विकासका लागि थप साधन स्रोत जुटाई पिछडिएका क्षेत्र र वर्गका बालबालिकाको समुचित शिक्षामा खर्च गर्न राष्ट्रिय,क्षेत्रीय र स्थानीय स्तरमा ×शिक्षा विकास कोष" स्थापनाको सिफारिस निजी क्षेत्रका विद्यालयहरुको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ ले गरेको छ।

१२.१.४ शिक्षा ऐन २०२८ को दफा १३मा प्रत्येक जिल्लामा जिल्ला शिक्षा कोष रहने र उक्त कोषमा श्री ५ को सरकार, जिल्ला विकास समितिबाट प्राप्त अनुदानका अतिरिक्त शिक्षा कर र चन्दाबाट प्राप्त रकम रहने व्यवस्था गरिएको छ।

१२.१.५ ग्रामीण क्षेत्रमा सञ्चालित सार्वजनिक विद्यालयको भौतिक पूर्वाधारको विकास र त्यस्तो विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा निजी विद्यालयहरुलाई पनि केही हदसम्म सहभागी बनाउने उद्देश्यले ग्रामीण शिक्षा विकास कोषको व्यवस्था गरी त्यस्तो कोषमा निजी विद्यालयहरुबाट निश्चित प्रतिशत रकम अनिवार्यरुपले जम्मा गर्नु पर्ने प्रावधान शिक्षा(सातौँ संशोधन) विधेयक २०५७ मा प्रस्ताव गरिएको छ।

१२.१.६ आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमले कूल सरकारी बजेटको १५ प्रतिशत शिक्षामा र शिक्षाको ५५ प्रतिशत प्राथमिक शिक्षामा लगानी गर्ने अवधारणा लिएको छ।

१२.२ विद्यमान समस्याहरु

१२.२.१ प्राथमिक शिक्षा पूर्णतया निःशुल्क गर्न र प्राथमिक शिक्षाको गुणस्तरमा वृद्धि गर्न हाल प्रति विद्यार्थी सरकारले गरेको खर्च पर्याप्त हुने

शिक्षा मन्त्रालय

देखिदैन।अन्तर्राष्ट्रिय मान्यता अनुसार न्यूनतम गुणस्त कायम गर्नका निमित्त प्रति विद्यार्थी ३० अमेरिकी डलर खर्च गर्नु पर्ने देखिन्छ। शिशु शिक्षा कार्यक्रमको निमित्त अनुदान दिन थप सरकारी आर्थिक स्रोतको आवश्यकता पर्छ। यस्तै माध्यमिक शिक्षाको गुणस्तर बढाउन र गरिब,पिछडिएका समुदाय तथा विशेष शिक्षा समूह(चारै प्रकारका अपाङ्ग समेत)को शिक्षाको लागि स्रोत साधनसमेत सरकारले जुटाउनु पर्नेछ।हाल सरकारले विनियोजन गरेको कूल ग्राहस्थ उत्पादनको २.८ प्रतिशत वा कूल सरकारी खर्चको १३ प्रतिशत रकमले शिक्षामा गुणस्तर कायम गर्न र शिक्षाप्रति राज्यको दायित्व निर्वाह गर्न पर्याप्त हुने देखिदैन।

१२.३ रणनीति/कार्यनीतिः

१२.३.१ प्राथमिक तहसम्मको सामुदायिक विद्यालय संचालनको दायित्व श्री ५ को सरकारको हुनेछ। प्राथमिक विद्यालय उमेरको जनसंख्या करीव ३० लाख पुगेको सन्दर्भमा समयमा सबैलाई निःशुल्क र स्तरीय शिक्षा (खूद भर्ना १०० प्रतिशत) दिन प्रति विद्यार्थी ३० अमेरिकी डलरका दरले वार्षिक अनुमानित रु. ६ अरब ७५ करोड लाग्ने देखिन्छ । हाल विनियोजित रु. ६ अरब रहेको सन्दर्भमा प्राथमिक शिक्षा पूर्ण निःशुल्क गर्न खासै थप व्ययभार सरकारलाई पर्ने देखिंदैन।

१२.३.२ निम्नमाध्यमिक र माध्यमिक तहको शिक्षा स–शुल्क प्रदान गरिनेछ र हाल सार्वजनिक विद्यालयलाई दिंइदै आएको अनुदान यथावत राखी विद्यालय शुल्कमा सहुलियत प्रदान गरिनेछ।

१२.३.३ शिशु विकास कार्यक्रमका लागि सम्बन्धित गा.वि.स.बाट शिशु विकास केन्द्र संचालन गर्ने प्रस्तावलाई अध्ययन गरी सम्बन्धित गा.वि.स.मा एकमुष्ट अनुदान दिइनेछ।

१२.३.४ श्री ५ को सरकारले शिक्षा क्षेत्रमा कूल सरकारी खर्चको १७ प्रतिशत लगानी गर्ने नीति लिनेछ।

१२.३.५ श्री ५ को सरकारबाट अनुदान जाने गरी अब स्थापना हुने सबै विद्यालयमा एकमुष्ट अनुदान (Block Grant) प्रदान गरिनेछ र क्रमशः सबै सामुदायिक विद्यालयमा यो प्रणाली लागू गरिनेछ।

१२.३.६ सामुदायिक नि.मा.वि., मा.वि. र संस्थागत विद्यालयको हकमा विद्यालयको श्रेणी र शुल्क निर्धारणको विधि अनुसार शुल्क निर्धारण गरी तोकिए बमोजिम शुल्क उठाउन सकिनेछ।

१२.३.७ विभिन्न तहमा न्यूनतम शैक्षिक गुणस्तर कायम गर्न प्रति विद्यार्थी लाग्न सक्ने वाञ्छित शुल्कको आधार अनुसूची–२.१ र २.२ मा दिइएको तालिका अनुसार नै हुनेछ।

१२.३.८ वाणिज्य बैंक र वित्तीय संस्थाहरुबाट विद्यालयको भौतिक सुधार र पूँजीगत खर्चका लागि ऋण दिने आवश्यक वातावरण तयार गरिनेछ।

१२.३.९ यस उच्चस्तरीय समितिले दिएका सुझावहरु कार्यान्वयन गर्नका निम्ति सरकारी दायित्व निम्न क्षेत्रहरुमा पर्नेछ।

(क) शिशु विकास कार्यक्रमका लागि स्थानीय निकायलाई अनुदान,

(ख) प्राथमिक तहको शिक्षा पूर्णतयाः निःशुल्क गर्न लाग्ने थप रकम,

(ग) प्राथमिक तहको कक्षा १ देखि ३ सम्म अंग्रेजी विषयको थप पाठ्यपुस्तकको निःशुल्क वितरणका लागि लाग्ने रकम,

(घ) नि.मा.वि. र मा.वि. तहको १० प्रतिशत विद्यार्थीहरुलाई पूर्ण निःशुल्क शिक्षा प्रदान गर्न लाग्ने छात्रवृत्ति रकम,

(ङ) मा.वि. तहमा व्यावसायिक धारको पाठ्यक्रम लागू गर्ने विद्यालयलाई दिनु पर्ने सहुलियत अनुदान।

शिक्षक तालिम र अन्य विकासका खर्चहरु विद्यमान र प्रस्तावित परियोजनाहरुको कार्यक्रमबाट नै व्यहोर्न सकिनेछ। हाललाई सरकारको आर्थिक दायित्व वृद्धि हुने देखिएता पनि ५ वर्षको अन्तरालमा क्रमशः सरकारी दायित्व कम हुँदै जानेछ। सरकारी दायित्वलाई कम गर्न र उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई सामाजिक विकासमा प्रत्यक्ष संलग्न गराउन स्नातकोत्तर तहका विद्यार्थीलाई सहभागी गराउने कार्यक्रम थालनी गरिनेछ।

१२.३.१० सरकारी थप दायित्वको सारांश तल दिइएकोछः–

| क्र.सं. | कार्यक्रम | लक्ष | एकाई लागत | जम्मा थप दायित्व |
|---|---|---|---|---|
| १. | शिशु विकास कार्यक्रम | १० लाख विद्यार्थी | प्रति विद्यार्थी प्रति वर्ष रु. १००० | १ अरब |
| २. | पूर्ण निःशुल्क प्राथमिक शिक्षा | ३० लाख विद्यार्थी | प्रति विद्यार्थी थप रु. ३०० प्रति वर्ष | ९० करोड |
| ३. | नि.मा.वि. मा.वि. १० प्रतिशत छात्रवृत्ति | १ लाख | प्रति विद्यार्थी प्रति वर्ष ५००० | ५० करोड |
| ४. | कक्षा १–३ अंग्रेजी पुस्तक | २० लाख | प्रति विद्यार्थी प्रति वर्ष रु. ३० | ६ करोड |
| ५. | व्यावसायिक मा.वि. अनुदान | २०० वटा | जम्मा खर्चको आधा अनुदान प्रति विद्यालय ६ लाखका दरले | १२ करोड |

पुनश्चः शिशु विकास कार्यक्रम अधिराज्यव्यापी बनाइसकेपछि शिशु विकास उमेरका (४ र ५ वर्षका) हालको ५ लाख विद्यार्थी प्राथमिक तहबाट हट्ने भएकोले शिशु विकास कार्यक्रमका लागि सरकारले गरेको लगानी प्राथमिक तहको संख्या मिलानबाट हुन आउने बचत रकमबाटै पुग्ने देखिन्छ।

१२.४ कार्ययोजनाको आधारः

१२.४.१ शिक्षामा लगानीको प्रतिशत वृद्धि गर्ने नीति : शिक्षामा गुणस्तर कायम गर्न कूल सरकारी खर्चको १७ प्रतिशत खर्च नगरी सम्भव नहुने भएकाले यस सन्दर्भमा शिक्षा तथा खेलकुद मन्त्रालयले तत्कालै अर्थमन्त्रालयसँग समन्वय गरी नीति तय गरिनेछ।

१२.४.२ एकमुष्ठ अनुदानको व्यवस्था गर्ने : विद्यालयहरुलाई दिंइदै आएको अनुदान दीर्घकालीन रुपमा व्यवस्था गर्न एकमुष्ट अनुदान दिने नीतिलाई कानूनी रुप दिइनेछ। यो काम शिक्षा तथा खेलकुद मन्त्रालयले गर्नेछ।

१२.४.३ शिशु विकास कार्यक्रम प्रत्येक वर्ष प्रत्येक गा.वि.स./न.पा. वडामा कम्तिमा २/२ वटा सञ्चालन गर्ने गरी ५ वर्षभित्रमा प्रत्येक वडामा शिशु विकास कार्यक्रमका केन्द्रहरु स्थानीय निकायबाट सञ्चालन भईसक्नेछन्।

शिक्षा मन्त्रालय

# १३.    आर्थिक पारदर्शिता

१३.१ पृष्ठभूमि

१३.१.१ विशेषतः निजी क्षेत्रमा सञ्चालित विद्यालयहरुको आर्थिक जवाफदेहीता स्पष्ट नरहेको आम्दानी खर्चका शीर्षक तथा हिसाब किताब स्पष्टरुपमा जनसमक्ष ल्याउने नगरेको कुराहरुलाई राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा औँल्याएको छ।

१३.१.२ सरकारले आफूखुसी र एकतर्फी ढङ्गले शुल्क निर्धारणमा छुट दिन नहुने,विद्यालयको भौतिक तथा शैक्षिक क्षमता र सम्भाव्यतालाई आंकलन गरी शुल्कका आधार र सीमा तोकिनु पर्ने, जुन प्रयोजनका लागि शुल्क उठाइएको हो सोही प्रयोजनमा मात्र खर्च गरिनु पर्ने र शुल्क निर्धारण गर्दा लागत खर्चलाई मापदण्ड बनाइनु पर्ने भन्ने सुझावहरु उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा उल्लेख भएको पाइन्छ।

१३.१.३ स्थानीय अवस्था हेरी विद्यालयहरुले उपलब्ध गराउने भौतिक एवम् अतिरिक्त कार्यकलापको सुविधाको औचित्यको आधारमा शुल्कको न्यूनतम र अधिकतम सीमा तोकी त्यस्ता शुल्कहरु पारदर्शिताको आधारमा सुदपयोग गरिनु पर्ने सुझाव निजी क्षेत्रका विद्यालयहरुको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५मा पनि उल्लेख भएको छ।

१३.१.४ शिक्षा नियमावली २०४९ को नियम १०९ मा शुल्क निर्धारणका प्रक्रियाहरु उल्लेख भएको छ।शुल्क सम्बन्धी स्वेच्छाचारीतालाई केही हदसम्म नियन्त्रण गर्न एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः भर्ना शुल्क लिन नपाइने,भौतिक संरचना निर्माणका लागि शुल्क लिन नपाइने, शुल्क निर्धारण गर्दा श्री ५ को सरकारको स्वीकृति लिनुपर्ने र ऐन विपरित लिएको शुल्क विद्यार्थीलाई फिर्ता गराइने आदि प्रावधानहरुको व्यवस्था ऐनद्वारा नै गर्ने गरी शिक्षा(सातौँ संशोधन) विधेयक २०५७ मा प्रस्तावित गरिएको देखिन्छ।

१३.२ विद्यमान समस्याहरु

१३.२.१ शुल्कको औचित्य अभिभावकहरुलाई जानकारी गराई उनीहरुको विश्वासमा मात्र शुल्क उठाउने र जुन शीर्षकमा रकम उठाइएको हो सोही शीर्षकमा खर्च गरे नगरेको सार्वजनिक गर्ने परिपाटीको अभाव छ।सार्वजनिक विद्यालयहरुमा लेखा दुरुस्त राख्ने,समयमा लेखा परीक्षण गराउने र अभिभावकलाई जानकारी गराउने व्यवस्था कमजोर छ। जिल्ला शिक्षा कार्यालयले पनि आफूलाई प्राप्त बजेट सार्वजनिक गर्ने र त्यसको सदुपयोग भएको कुरा सर्वसाधारणमा जानकारी गराउने गरेको पाइदैन। जिल्ला शिक्षा

कोषको रकमको स्रोत, त्यसको परिचालन र त्यसमा भएको रकम विनियोजनका बारेमा लेखा जोखा भएको पाइँदैन।यसैले आर्थिक पारदर्शिताका माध्यमहरु सबै तहमा पालना गरी शिक्षाका निकायहरु स्वच्छ (Clean) छन् भन्ने जनविश्वास सिर्जना गर्नु आवश्यक छ।

१३.३. रणनीति / कार्यनीतिः

१३.३.१ आर्थिक पारदर्शिताका लागि सबैलाई स्वीकार्य लेखा प्रणाली (Generally Accepted Accounting Principle) सबै प्रकारका विद्यालय र शैक्षिक निकायहरुमा अवलम्बन गरिनेछ। आयव्ययको जानकारी सार्वजनिक गर्ने (Disclosure) नीति लिइने छ।

१३.३.२ प्रत्येक विद्यालयले श्री ५ को सरकारले तोकेको ढाँचामा लेखा राख्नु पर्नेछ।

१३.३.३ आम्दानी र खर्चको विवरण अनिवार्यरुपले वार्षिक अभिभावक भेलामा प्रस्तुत गर्नु पर्नेछ।

१३.३.४ मान्यता प्राप्त लेखा परीक्षकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले लेखापरीक्षक नियुक्ति गरी वार्षिकरुपमा लेखा परीक्षण गराउनु पर्नेछ र लेखा परीक्षण प्रतिवेदन विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई जिल्ला शिक्षा कार्यालयमा अनिवार्यरुपमा पठाउनु पर्नेछ।

१३.३.५ लेखा श्रेस्ताहरु सर्वसाधारणले हेर्न चाहेमा समेत विद्यालयले देखाउनु पर्नेछ।

१३.३.६ लेखा परीक्षण प्रतिवेदनमा उल्लेख भएका विवरणहरुप्रति विद्यालय व्यवस्थापन समिति पूर्णरुपले जिम्मेवार हुनेछ।

१३.३.७ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको नाम र विद्यालयका सूचकहरु देखिने गरी विद्यालयमा टाँस्नु पर्नेछ।

१३.४ कार्ययोजनाको आधारः

१३.४.१ विद्यालयको आर्थिक पारदर्शिताको कानूनी व्यवस्था गरी लागू गर्ने : आर्थिक पारदर्शिताका आधारहरु शिक्षा नियमावलीमा व्यवस्था गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले तत्काल गृहकार्य सुरु गर्नेछ। अल्पकालीन योजनाभित्र यसलाई प्रत्येक विद्यालयमा लागू गराउन जिल्ला शिक्षा अधिकारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई अभिमूखीकरण गराइनेछ।

शिक्षा मन्त्रालय

## १४. सामाजिक दायित्व

१४.१ पृष्ठभूमि

१४.१.१ विद्यालयहरु सामाजिक दायित्व निर्वाह गर्ने अग्रणी संस्था भएको हुँदा विद्यालयको उद्देश्य मुनाफा कमाउने नभई सामाजिक सेवा भावनाले अभिप्रेरित रहनुपर्ने सुझाव उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले दिएको छ।यस प्रतिवेदनले सार्वजनिक विद्यालयको हकमा जिल्लाको कूल विद्यार्थी संख्याको ५ प्रतिशत छात्रवृत्ति र निजी विद्यालयको आफ्नो बजेटको एक प्रतिशत छात्रवृत्तिमा लगानी गर्नु पर्ने सुझाव दिएको छ।

१४.१.२ विद्यालयको सामाजिक दायित्व निर्वाहको लागि प्रभावकारी व्यवस्थाको पक्षलाई दृष्टिगत गरी शिक्षा(सातौँ संशोधन) विधेयक २०५७ मा ग्रामीण शिक्षा विकास कोषको स्थापना, गाउँ शिक्षा समितिको व्यवस्था,विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिक उल्लेख गरिएको छ।

१४.१.३ निजी क्षेत्रका विद्यालयहरुले राष्ट्रको शैक्षिक विकास कार्यक्रममा सहयोग पुऱ्याउन प्रत्येक विद्यालयले कूल विद्यार्थी संख्याको २ प्रतिशत गरिव, जेहेन्दार, दुर्गम क्षेत्र एवम् पिछडिएका समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने सुझाव निजी क्षेत्रका विद्यालयहरुको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ ले दिएको छ।

१४.२ विद्यमान समस्याहरु

१४.२.१ सामाजिक, आर्थिक, शैक्षिक र भौगोलिक दृष्टिले शिक्षाको पहुँचबाट टाढा रहेका वर्ग,समुदायलाई शिक्षाका मूल प्रवाहमा समेट्नका लागि सक्षम सम्पन्नबाट लिने र असमर्थ तथा विपन्न वर्गका लागि खर्च गरी सामाजिक न्यायलाई सन्तुलनमा ल्याउने भूमिका समेत विद्यालयहरुले निर्वाह गर्न सकिरहेका छैनन्।तिर्न सक्नेले शुल्क तिर्ने र तिर्न नसक्नेले निःशुल्क पढ्न पाउनु पर्ने समाजिक न्याय सुनिश्चित हुन सकेको छैन।गरिबीको रेखामुनी रहेका परिवारका छोराछोरीलाई विद्यालयमा तिर्नुपर्ने प्रत्यक्ष खर्च र विद्यालय भर्ना हुँदा गुम्न जाने आय(Opportunity Cost) उच्च रहने हुन्छ।यस्ता समूहलाई छात्रवृत्तिको प्रावधान नरहेसम्म शिक्षामा पहुँचको अवसरमा वृद्धि गर्न सकिने देखिदैन।सरकारले यस्ता वर्ग प्रतिको दायित्व सबै तहको शिक्षामा लिनुपर्छ र सो अनुसार खर्चको व्यवस्था गर्नुपर्ने आवश्यकता टड्कारो रुपमा देखिएको छ।

१४.३. रणनीति / कार्यनीति

शिक्षा मन्त्रालय

१४.३.१ संस्थागत विद्यालयहरुमा कूल विद्यार्थी संख्याको ५ प्रतिशत गरीब विद्यार्थीलाई निःशुल्क छात्रवृत्तिको व्यवस्था गरिनेछ। वार्षिक प्रतिवेदनमा त्यस्तो छात्रवृत्ति पाउने विद्यार्थीहरुको अभिभावक सहितको विवरण जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्नेछ।

१४.३.२ सामुदायिक विद्यालयमा प्राथमिक तहसम्म पूर्णतया निःशुल्क शिक्षा भएकोले सो को लागि श्री ५ को सरकारले समाजका सम्पूर्ण पक्षबाट सक्रिय सहयोग लिने वातावरण तयार गर्नेछ।

१४.३.३ निम्नमाध्यमिक र माध्यमिक शिक्षाको सम्बन्धमा बालिका, दलित, पिछडिएका, अपाङ्ग र गरीव छात्र छात्रका निम्ति सामुदायिक विद्यालयको हकमा कूल भर्नाको हकमा १० प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ।

१४.४. कार्ययोजनाको आधारः

१४.४.१ छात्रवृत्तिको व्यवस्था गर्ने : छात्रवृत्ति एवम् लक्षित समूहलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा दिन प्रत्येक विद्यालयले एक वर्षभित्र सम्बन्धित गा.वि.स. / नगर वडामा सम्पर्क गरी त्यस समूहको पहिचान गर्नेछ। अल्पकालीन अवधिभित्र तोकिएको मापदण्डको आधारमा छात्रवृत्ति तथा लक्षित समूहको निःशुल्क शिक्षामा सुनिश्चतता गरिनेछ। यो काम प्रत्येक विद्यालय व्यवस्थापन समितिको हुनेछ।

१४.४.२ निम्नमाध्यमिक र माध्यमिक तहमा तोकिएका लक्षित समूहका लागि निःशुल्क शिक्षा प्रदान गर्ने कार्यक्रम तयारी गरी लागू गरिने छ।

शिक्षा

# १५. विद्यालयहरुको नियमितताको रुपरेखा

१५.१ पृष्ठभूमि

१५.१.१ २००७ साल पछि स्थापना हुन थालेका निजी तथा आवासीय विद्यालयहरु २०२८ सालसम्म सीमित संख्यामै थिए।२०२८ सालमा यस्ता विद्यालयहरु पनि अन्य विद्यालय सरह नै श्री ५ को सरकारको नियन्त्रण र सहयोगमा चल्न थाले।२०३७ सालपछि यस्ता विद्यालयहरुले श्री ५ को सरकारबाट आर्थिक सहायता नपाउने व्यवस्था भएपछि यस प्रकारको विद्यालय स्थापना गर्न दिने उदार नीति अपनाइयो।फलस्वरुप यस्ता विद्यालयको संख्या द्रुत गतिले बढ्न गएको छ।

१५.१.२ राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ मा निजी विद्यालयहरु उपयुक्त नक्साङ्कनको आधारमा मात्र खोल्न दिनुपर्ने, यस्ता विद्यालयको भौतिक सुविधा, पठनपाठनको स्तर, शिक्षकको स्तर, अतिरिक्त क्रियाकलाप आदि सबै पक्ष दर्शाउने पुस्तिका विद्यालयले जनसाधरणको लागि प्रकाशनमा ल्याउने व्यवस्था हुनुपर्ने सुझाव दिएको छ।

१५.१.३ उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा विद्यालय सामाजिक दायित्व निर्वाह गर्नुपर्ने संस्था भएको हुनाले निजी तथा आवासीय विद्यालयहरुले नैतिक रुपमा सामाजिक दायित्व वहनु गर्नुपर्ने र यस्ता विद्यालयको उद्देश्य मुनाफा कमाउने नभई सामाजिक सेवाको भावनाले अभिप्रेरित हुनुपर्ने कुराहरुका अतिरिक्त विद्यालयको अनुमति स्वीकृतिका आधार, सञ्चालकहरुको न्यूनतम योग्यता जस्ता पक्षहरुमा ध्यान दिइनुपर्ने उल्लेख गरेको छ।

१५.१.४ निजी क्षेत्रका विद्यालयको व्यवस्थापनसम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ ले निजी क्षेत्रको लगानीमा स्थापना भई सञ्चालन गरिने संस्था भएकोले उक्त विद्यालयहरु श्री ५ को सरकारको शिक्षा ऐन नियम अन्तर्गत राष्ट्रिय पाठ्यक्रम निरीक्षण,अनुगमन र परीक्षा प्रणालीको परिधिभित्र रहने गरी स्वायत्त संस्थाका रुपमा संचालन हुनुपर्ने सुझाव दिएको छ।

१५.१.५ निजी क्षेत्रका विद्यालयको व्यवस्थापन सम्बन्धी अध्ययन समूहको प्रतिवेदन २०५५ ले नयाँ खोल्ने पूर्व प्राथमिक, प्राथमिक र निम्नमाध्यमिक र माध्यमिक विद्यालयले भौतिक पूर्वाधार निर्माणका लागि क्रमशः २ लाख, ४ लाख, ७ लाख, र १० लाख रुपैयाँ खर्च गर्ने योजना र सो को भरपर्दो स्रोत खुलाउनु पर्ने साथै पूर्व प्राथमिक, प्राथमिक र निम्नमाध्यमिक र माध्यमिक विद्यालयहरुले उपर्युक्त पूर्वाधार निर्माण बाहेक धरौटी वापत

महानगरपालिका तथा उपमहानगरपालिका क्षेत्रभित्र खोलिने विद्यालयहरुले क्रमशः ७५ हजार,एकलाख ५० हजार, तीन लाख र ५ लाख जम्मा गर्नुपर्छ र न.पा. क्षेत्रभित्र खोलिने विद्यालयहरुले क्रमशः पचासहजार, एकलाख,दुईलाख, र तीन लाख धरौटी वापत जम्मा गर्नुपर्ने। तर ग्रामीण तथा पिछडिएका क्षेत्रमा खोलिने संस्थागत विद्यालयहरुलाई स्थानीय आवश्यकता हेरी समुदायको सिफारिसमा धरौटी रकम कम गर्ने, मिनाहा गर्ने वा सो सरहको जायजेथा धरौटी राखी खोल्न सकिने भन्ने समेत सुझाव दिएको छ।

१५.१.६ प्रस्तावित शिक्षा(सातौँ संशोधन) विधेयक २०५७ मा निजी विद्यालयहरु कम्पनी वा शैक्षिक गुठी कुन रुपमा सञ्चालित हुने हो त्यससम्बन्धी विवरण पेश गर्नपर्ने, निजी विद्यालयले कुनै व्यक्ति वा संस्थाबाट दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु पूर्व श्री ५ को सरकारको स्वीकृति लिनुपर्ने, त्यस्तो सम्पत्ति श्री ५ को सरकारको पूर्व स्वीकृति वेगर बेचबिखन गर्न नपाइने एवम् विद्यालयले भौतिक संरचना निर्माणको लागि विद्यार्थीसँग कुनै शुल्क लिन नपाउने प्रावधानहरु समावेश गरिएको छ।

१५.१.७ हाल विद्यमान सञ्चालन अनुमित दिँदा तह हेरी रु १५ हजार देखि रु १ लाख सम्म लिने गरिएको छ।

१५.२ विद्यमान समस्याहरु

१५.२.१ निजी तथा आवासीय विद्यालयहरु नियमितताको रुपरेखा अनुसार सञ्चालन गरी स्वच्छ प्रतिस्पर्धा गराउनु पर्ने र सामाजिक दायित्वलाई प्रोत्साहित गर्नु पर्ने कुरामा दुइमत छैन।हालका सार्वजनिक विद्यालयहरु पनि समुदायलाई हस्तान्तरण गर्ने सन्दर्भमा यस्तो नियमितताको रुपरेखा अन्तर्गत सञ्चालन हुनुपर्ने कुरा सान्दर्भिक हुन्छ। यसमा मूल मुद्दा भनेको कस्तो रुपरेखा बनाउने, उक्त नियमितताको रुपरेखामा के के रहने, शुल्क र शिक्षाका सन्दर्भमा के कस्ता स्वायत्तता दिने र रुपरेखाभित्र रही विद्यालय सञ्चालन भए नभएको कसरी अनुगमन गर्ने भन्ने नै हो।

१५.३. रणनीति / कार्यनीतिः

१५.३.१ सबै प्रकारका विद्यालयहरुलाई नियमितताको रुपरेखा (Regulatory Framework) अन्तर्गत मात्र सञ्चालन गर्न दिइने छ। यस्तो नियमितताको रुपरेखामा तोकिएका कार्यहरु गर्नु, गराउनु, सबै प्रकारका विद्यालयका लागि अनिवार्य मानिने छ। यस्तो रुपरेखाको खाका तल दिइएको छ :

(क) अनुमति :

सञ्चालन अनुमति : संस्थागत विद्यालयको हकमा प्रचलित कानून अनुसार दर्ता भएका कुनै संघ संस्था वा ट्रष्टले शिक्षालाई सेवामुखी व्यवसायको रुपमा विद्यालय सञ्चालन गर्न चाहेमा आफ्नो संघ, संस्था वा ट्रष्टको मान्यता प्राप्त कागजातका साथ तोकिए अनुसारका शर्तहरु पूरा भएको प्रमाण सहित तोकिएको ढाँचामा आवेदन दिनुपर्नेछ। सामुदायिक विद्यालयको स्थापना गर्दा पनि समुदायले निर्धारित ढाँचामा विद्यालय सञ्चालन गर्ने प्रक्रिया र आर्थिक स्रोतको समेत उल्लेख गरी आवेदन दिनुपर्नेछ। सरकारी अनुदान पाउने सामुदायिक विद्यालयको रुपमा स्वीकृत दिंदा एकमुष्ट अनुदानका रुपमा सञ्चालन गर्ने गरी सम्झौता गरिने छ।

जुन शैक्षिक सत्रदेखि विद्यालय सञ्चालन गर्न चाहेको हो सो भन्दा एकवर्ष अघि यस्तो आवेदन जिल्ला शिक्षा कार्यालयमा दिनुपर्नेछ। यस्तो आवेदन उपर सम्बन्धित जिल्ला शिक्षा कार्यालयले नक्साङ्कन लगायत सम्भाव्यताको अध्ययन गरी विद्यालय सञ्चालन अनुमति पत्र प्रदान गर्नुपर्नेछ।

विद्यालय स्थापना स्थल : देशभरीका कूल ७५ जिल्लालाई आधार मानी जनसंख्याको चाप, विद्यालय जाने उमेरका बालबालिकाहरुको संख्या र भौगोलिक दूरी विचार गरी अनुसूची १५.१ क) आधारमा अनुमति दिइनेछ।

(ख) विद्यालय भौतिक सुविधा : माथि बुँदा नं. ३.३ मा व्यवस्था भए अनुसार हुनेछ।

(ग) पाठ्यक्रम पाठ्यपुस्तक : माथि बुँदा नं. ४.३ मा व्यवस्था भए अनुसार हुनेछ।

(घ) शैक्षिक सत्र : श्री ५ को सरकारले तोकेको शैक्षिक सत्र संस्थागत विद्यालयहरुको हकमा पनि लागू हुनेछ।

(ङ) परीक्षा : श्री ५ को सरकारले तोकेको पाठ्यक्रम अनुसार तोकिएको तहको परीक्षा सञ्चालन गर्नुपर्ने छ (माथि बुँदा नं. ५.३)।

(च) शिक्षणको माध्यम : माथि बुँदा नं. ४.३ मा व्यवस्था भए अनुसार हुनेछ।

(छ) सङ्गठनात्मक स्वरुप : प्रचलित कानून अनुसार दर्ता भएको संस्थाले जिल्ला शिक्षा कार्यालयबाट स्वीकृत विद्यालय प्रस्तावना पत्र (Charter) अनुसार विद्यालय सञ्चालन गर्नुपर्नेछ। यस्तो चार्टरमा जुनसुकै ऐन अन्तर्गत दर्ता भएका संस्था भएता पनि तोकिएको सीमा भित्र रही संस्थागत विकास खर्च (Overhead Cost) मात्र उठाउन पाउने र सम्पत्ति व्यक्तिगत नहुने प्रावधान राख्न अनिवार्य गरिनेछ। सामुदायिक विद्यालयको प्रस्तावना (Charter)मा तोकिए अनुसार हुनेछ।

(ज) विद्यालय विवरणः विद्यालयको शैक्षिक उपलब्धि र आय व्यय समेत झल्कने गरी वार्षिक प्रतिवेदन तथा लेखा प्रतिवेदन जिल्ला शिक्षा कार्यालयमा बुझाउनु पर्नेछ।

(झ) लगानीः अनुमति प्राप्त विद्यालयले संस्था वा समुदायबाट गरेको लगानीको प्रमाणको अभिलेख राख्नु पर्नेछ।

(ञ) धरौटीः विद्यालय खोल्ने अनुमति दिंइदा आवश्यक पर्ने धरौटी रकम जिल्ला शिक्षा कार्यालयले तोक्न सक्नेछ।

शिक्षा मन्त्रालय

(ट) शिक्षक व्यवस्थापनः माथि बुँदा नं. ६.३ मा व्यवस्था भए अनुसार हुनेछ।

(ठ) बजेटको बाँडफाँडः विद्यालयको कूल संचालन खर्चको ७० प्रतिशत भन्दा बढी तलब शीर्षकमा खर्च गर्न पाइने छैन। न्यूनतम तलबको खर्च ६० प्रतिशतमा तोकिएको छ।

(ड) शुल्कः लागतको आधारमा शुल्क उठाउने सिद्वान्त (Cost Recovery) को आधारमा अनुसूची २.२ मा व्यवस्था भए अनुसार विद्यालय व्यवस्थापन समितिले निर्धारण गरी जिल्ला शिक्षा कार्यालयको स्वीकृति लिई लागू गर्नु पर्नेछ।

(ढ) शुल्कको शीर्षकः अनुसूची २.२ मा दिए बमोजिमका शीर्षकहरुमा मात्र शुल्क उठाउन पाइनेछ। त्यसभन्दा अतिरिक्त सुविधा प्रदान गर्ने विद्यालयले ती सुविधा उपलब्ध गराउन चाहने विद्यार्थीहरुका लागि मात्र अतिरिक्त शुल्क लगाउन सक्नेछ।

(ण) सामग्री बिक्री वितरणः विद्यालयले पुस्तक, कापी, कलम, अन्य शैक्षिक सामग्री, विद्यालय पोशाक आदि विद्यार्थीका निम्ति चाहिने अत्यावश्यक सामग्री बिक्री वितरणमा संलग्न हुन पाइने छैन।

(त) सामाजिक दायित्वः माथि बुँदा नं. १४.३ मा व्यवस्था भए अनुसार हुनेछ।

(थ) विद्यार्थी छनौटः विद्यालयले आफ्नै नीति बनाई विद्यार्थी छनौट गर्न सक्नेछ।

(द) शिक्षण विधिः शिक्षाको गुणस्तरवृद्धि गर्न आवश्यक शिक्षण विधिको अवलम्बन विद्यालयले आफैं गर्न सक्नेछ।

(ध) धार्मिक आस्थाः राष्ट्रिय एकता, सार्वभौमिकता एवं धार्मिक सहिष्णुतामा खलल पार्ने कुनै पनि क्रियाकलाप संचालन गर्न पाइने छैन।

(न) सम्पत्तिको स्वामित्वः संस्थागत विद्यालयको हकमा जुन ऐन अनुसार संस्था दर्ता भएको हो सोही अनुसार स्वामित्व निर्धारण हुनेछ। सामुदायिक विद्यालयको हकमा विद्यालयको स्वामित्व समुदायमा हुनेछ र सम्पत्तिको बेचबिखन गर्दा जिल्ला शिक्षा कार्यालयको लिखित अनुमति अनिवार्य हुनेछ।

१५.३.२ श्री ५ को सरकारले सबै प्रकारका विद्यालयलाई निम्न सहुलियत दिन सक्नेछः–

(क) संरक्षणः विद्यालयको शान्तिसुरक्षा लगायत गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने वातावरण तयार गर्ने व्यवस्था जिल्ला शिक्षा कार्यालयले मिलाउनेछ।

(ख) कर सहुलियतः शिक्षाको गुणस्तरमा वृद्धि गर्न आवश्यक पर्ने उपकरण र शैक्षिक सामग्री विदेशबाट खरिद गर्दा कर सहुलियत दिइनेछ। कम्पनी ऐन अन्तर्गत दर्ता भई विद्यालय संचालन गर्ने संस्थाहरुले यस्तो सुविधा पाउने छैनन्।

(ग) ऋण सुविधाः माथि बुँदा नं. १२.३.८ मा व्यवस्था भए अनुसार हुनेछ।

१५.३.३ कार्यान्वयन र अनुगमनको संयन्त्रः विद्यालय कार्यान्वयन र अनुगमनको संयन्त्र अनुसूची १५.१ मा दिए अनुसार हुनेछ।

१५.४ कार्ययोजनाको आधारः

१५.४.१ नियमितताको कानूनी आधार तयार गर्नेः प्रत्येक विद्यालयलाई यस प्रतिवेदनले तोकिदिए बमोजिम संचालन गर्ने गरी शिक्षामा गुणस्तर वृद्धि गर्न शिक्षा तथा खेलकूद मन्त्रालयले अल्पकालिन अवधिभित्र एउटा नियमितताको संयन्त्रको विकास गर्नेछ। सोही अनुसार विद्यालय व्यवस्थापन समितिहरुले यसलाई तुरुन्तै लागू गर्नेछन्।

१५.४.२ संयन्त्र बनाई लागू गर्ने कार्य शिक्षा मन्त्रालयले गर्नेछ।

शिक्षा मन्त्रालय

# १६ समुच्च कार्यान्वयनको व्यवस्था

१६.१ पृष्ठभूमिः

१६.१.१ श्री ५ को सरकारको शिक्षा सम्बन्धी अवधारणा,शिक्षाका उद्देश्य, नीति र कार्यक्रम सुधारका उपायहरु, कार्यान्वयन गर्ने व्यवस्था र सो को प्रतिवद्धता समेत झल्किने गरी स्वेतपत्र जारी गर्नेछ जसले श्री ५ को सरकारका सबै निकायहरुलाई मार्गदर्शन गर्नेछ।

१६.१.२ हालको व्यवस्थाबाट प्रस्तावित कार्यनीतिले परिकल्पना गरेका अवस्थासम्म पुग्ने क्रममा लिइनु पर्ने कार्यनीतिहरु निम्न बमोजिम हुनेछन्;

Transition Plan

| क्र.सं | मुख्य विषय | हालको अवस्था | परिकल्पना गरेको स्थिति | समय | प्रक्रिया |
|---|---|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | सार्वजनिक विद्यालय | समुदायको पूर्ण स्वामित्व र स्वायत्तता | २ वर्ष | तयारीको अवस्था देखी समुदायको माग अनुसार क्रमशः गर्दै लैजाने |
| २ | संस्थागत विद्यालय | निजी तथा आवासीय विद्यालय | संस्थामा आधारित विद्यालय | १ वर्ष | कानूनी प्रावधान तयार गरी हाल भएका निजी विद्यालयलाई क्रमशः संस्थागत गर्ने। |
| ३ | निःशुल्क प्राथमिक शिक्षा | सार्वनजिक निजी दुवैले शुल्क उठाउने गरेको | सामुदायिक विद्यालयमा तत्कालै पूर्ण निःशुल्क गर्ने। संस्थागत विद्यालयमा सरकारी अनुदान दिई निःशुल्क बनाउन तयारी शुरु गर्ने। | तत्कालै | सामुदायिक विद्यालयमा तुरुन्त लागू गर्ने। |
| ४ | निमावि र | शुल्क निर्धारण | लागतका | २ वर्ष | नियमितताको |

शिक्षा मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| | मावि शिक्षा | गर्ने बस्तुगत आधार विहिन प्रणाली | आधारमा खर्च उठाउने सिद्धान्तको सुत्रमा आधारित प्रणाली | | रुपरेखाको कानूनी आधार तयार गरी लागू गर्ने |
| ५ | निमावि तथा मावि शिक्षामा सरकारी अनुदान | शिक्षक दरवन्दीका आधारमा रकम विनियोजन | एकमुष्ट अनुदान प्रणाली अन्तर्गत आवश्यकता हेरी अनुदान परिचालन | २ वर्ष | प्रत्येक विद्यालयको अवस्थाको विवरण तयार गरी अनुदानको मात्रा निर्धारण गर्ने |
| ६ | शिशु विकास | पूर्व प्राथमिकताको अबधारणा र नीति विहिन अवस्था | गाविस/नपासँग सम्झौताका आधारमा Matching Fund को सिद्धान्त अनुसार समुदायमा आधारित एकमुष्ट अनुदानको व्यवस्था | ५ वर्ष | शिशु विकास कार्यक्रमको एकिकृत नीति निर्माण गरी गाविस/ नपाको प्रत्येक वडामा रकमको विनियोजन र एकमुष्ठ अनुदान प्रदान गर्ने गरी ५ वर्षभित्रमा सम्पूर्ण वडाहरुमा स्थापना गर्ने |
| ७ | पाठ्यक्रम पाठ्यपुस्तक | सार्वजनिक विद्यालयको प्राथमिक तहमा कक्षा ४ बाट मात्र अंग्रेजी पढाइने गरेको कक्षा ६,७,८ मा मात्र | कक्षा १ देखि अंग्रेजी अनिवार्य गर्ने। मातृभाषा र संस्कृतलाई भाषा समूह बनाई ऐच्छिक गर्ने, स्वीकृत सन्दर्भ | ६ महिना | राष्ट्रिय पाठ्यक्रम परिषदमा प्रस्ताव लगी पाठ्यक्रम/ पाठ्यपुस्तक नीति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संस्कृत अध्ययन गरिने, निजी विद्यालयले अत्यधिक सन्दर्भ पुस्तक पढाउने गरेका | पुस्तक मूल विषयमा एउटा मात्र राख्न पाउने | | सार्वजनिक गर्ने। |
| ८ | व्यावसायिक माध्यमिक विद्यालय | माध्यमिक शिक्षामा साधारण शिक्षालाई व्यावसायिक शिक्षासँग आवद्ध नगराएको | माध्यमिक शिक्षाको पाठ्यक्रममा साधारण र व्यावसायिक गरी दुई धार राख्ने र स्थानीय र राष्ट्रिय आवश्यकताका आधारमा सम्बन्धित व्यावसाय/उद्योग मा आवद्ध गरी सञ्चालन गर्ने | २ वर्ष | राष्ट्रिय पाठ्यक्रम परिषदमा व्यापक छलफल गराई पाठ्यक्रम अनुमोदन गर्ने र कार्यान्वयनका लागि लगानी निश्चित गर्ने। |
| ९ | प्रवेशिक परीक्षा | बहु प्रश्नपत्रको आधारमा केन्द्रीय परीक्षा प्रणाली | विकेन्द्रिकृत परीक्षा प्रणाली | ५ वर्ष | विद्यालय शिक्षालाई कक्षा १२ सम्मको बनाई विद्यालयको अन्तमा लिने परीक्षा कक्षा १२ को अन्तमा केन्द्रीयस्तरमा लिने र प्रवेशिका परीक्षालाई क्षेत्रीयकरण गर्ने। |
| १० | शिक्षक | लाइसेन्स हुनु | शिक्षण पेशामा | १ वर्ष | राष्ट्रिय शिक्षक |

| | | | | | |
|---|---|---|---|---|---|
| | लाइसेन्स | आवश्यक छ भन्ने अवधारणामा सहमति | प्रवेश गर्दा लाइसेन्स अनिवार्य हुने र कार्यरत शिक्षकलाई आवश्यक विधि पुऱ्याई लाइसेन्स दिने व्यवस्था गर्ने | | सेवा आयोगलाई लाइसेन्स व्यवस्था गर्ने निकायको रुपमा परिवर्तन गर्ने कानूनी व्यवस्था गर्ने। लाइसेन्स प्रणालीको बारेमा विस्तृत प्रक्रिया सम्बन्धित सबैलाई जानकारी गराउने। शिक्षण तालिम दिने निकायहरुलाई प्रोत्साहित गर्ने र सक्रिय बनाउने। |
| ११ | शिक्षक नियुक्ति | राष्ट्रिय शिक्षा सेवा आयोगले स्थायीको लागि सिफारिस गर्ने, विद्यालय व्यवस्थापन समितिले अस्थायी शिक्षक भर्ना गर्ने। | लाइसेन्स प्राप्त मध्येबाट प्रतिस्पर्धा गराई विद्यालय व्यवस्थापन समितिले नै स्थायी नियुक्ति गर्ने। संस्थागत विद्यालयमा पनि लाइसेन्स प्रणाली लागू गर्ने। | २वर्ष | आवश्यक कानूनी व्यवस्था निश्चित गरी व्यवस्थापन समितिबाट मात्र नियुक्ति दिने व्यवस्था। |
| १२ | शिक्षक सेवा, सर्त, सुविधा | निजी विद्यालयमा न्यूनतम तलब र सुविधाको सुनिश्चितता नभएको | न्यूनतम तलबको व्यवस्था र अन्य सुविधा विद्यालय व्यवस्थापन समितिले गर्ने | १ वर्ष | नियमितताका रुपरेखाका कानुनी व्यवस्था गरी लागू गर्ने र संस्थागत विद्यालयमा |

शिक्षा मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यरत शिक्षकहरुको नियुक्ति एवम् अभिलेख अध्यावधिक गर्ने। |
| १३ | प्रधानाध्यापक | शिक्षकहरुमध्ये बाट जि.शि.अ. ले तोक्ने र खासै सुविधा नभएको | कानूनी आधारमा अधिकार सम्पन्न प्र.अ.बनाई तलबको १० प्रतिशत थप सुविधा दिने | १ वर्ष | दक्ष प्र.अ. छनोटका मापदण्ड अनुसार प्र.अ. नियुक्त गर्ने। |
| १४ | स्थानीय निकायको भूमिका | जिल्ला शिक्षा समिति नीतिगत र कार्यकारी दुवै कार्यमा संलग्न र गाउँ शिक्षा समिति नभएको | जिल्ला शिक्षा समितिलाई निमावि र माविको नीतिगत कार्यमा मात्र सीमित गर्ने र गाउँ शिक्षा समितिको गठन गरी,शिशु विकास तथा प्राथमिक शिक्षाका नीतिगत कार्यमा लगाउने | १ वर्ष | कानूनी व्यवस्था गरी लागू गर्ने। |
| १५ | जिल्ला शिक्षा अधिकारी | प्रशासनिक काममा  बढी व्यस्त, प्राविधिक कार्यमा कमी, कार्यकारी अधिकारको सीमितता | जिल्लाको शिक्षा विकासमा नेतृत्व दिन सक्ने कार्यकारी प्राविधिकको रुपमा विकास | १ | नियमले तोकेका कामहरु स्वतन्त्ररुपमा सम्पन्न गर्ने आधारहरु तयार गरी कार्यकारी भूमिका निर्वाह गर्न सक्ने बनाउने र जवाफदेही |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सुनिश्चित गर्ने। |
| १६ | स्रोत र साधन | कूल सरकारी खर्चको १३ प्रतिशत शिक्षामा लगानी | कूल सरकारी खर्चको १७ प्रतिशत पुऱ्याउने | २ वर्ष | प्रस्तावित कार्यनीतिहरु कार्यान्वयन गर्न प्राथमिक शिक्षामा थप १ अरव लाग्ने र शिशु कक्षामा प्रति विद्यार्थी रु १००० को हिसावले थप अर्को एक अरव रुपैया सुनिश्चित गर्ने |
| १७ | नियमितताको रुपरेखा | अस्पष्ट र संयन्त्रको अभाव | स्पष्ट रुपरेखा अन्तर्गत सञ्चालन गर्ने र प्रभावकारी संयन्त्रबाट कार्यान्वयन सुनिश्चित गर्ने | तत्कालै | नियमितताको कानुनी आधार तयार गरी सबैलाई जानकारी गराउने र संयन्त्र कार्यान्वयन गर्ने |
| १८ | स्वेतपत्र | नभएको | आवधिक रुपमा स्वेतपत्र जारी गरी शिक्षा प्रणालीलाई बलियो बनाउने | १ वर्ष | प्रस्तावित कार्यनीति र कार्ययोजनाका अवधारणा पत्र र अन्य प्रतिवेदनहरु समेतलाई आधार गरी कार्यदलको निर्माण गर्ने र स्वेत पत्रको तयारी गराई मन्त्रीपरिषद् |

शिक्षा मन्त्रालय

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बाट स्वीकृत गराउने |
| | | | | | |

१६.१.३ यो कार्यक्रम समष्टिगत रुपमा कार्यान्वयन गर्नका लागि शैक्षिक सुधार कार्यक्रम लागु गरिने छ।

शिक्षा मन्त्रालय

## निष्कर्ष

यस विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्रमा दिइएका सुझावहरुलाई शिक्षा सुधारका आधारभूत तत्वकारुपमा लिइएका छन् र यसको सफल कार्यान्वयनबाट हाल विद्यमान अन्यौलग्रस्त स्थितिको अन्त हुनुका साथै शिक्षा क्षेत्रले सही मार्ग अबलम्बन गर्ने विश्वास यस समितिले लिएको छ। सामाजिक न्याय र शिक्षाको गुणस्तर वृद्धिमा सन्तुलन ल्याउने प्रकारले यी सुझावहरु दिइएका छन्।यी सुझावहरुको कार्यान्वयनले दीर्घकालीनरुपमा सरकारी क्षेत्र र निजी क्षेत्रका प्रयासबाट शिक्षाले उचित निकास पाउने छ।

शिक्षा मन्त्रालय

# अनुसूचीहरु

शिक्षा मन्त्रालय

# अनुसूची नं १.१

श्रेणी विभाजनका मापदण्डका आधारहरु

| | | |
|---|---|---|
| १ | भौतिक सुविधा | ३० अङ्क |
| २ | शिक्षक | २० अङ्क |
| ३ | विद्यार्थी संख्या | १० अङ्क |
| ४ | कूल खर्च | १० अङ्क |
| ५ | शैक्षिक उपलब्धि | २० अङ्क |
| ६ | विद्यालय सञ्चालन अवधि | १० अङ्क |
| | जम्मा | १०० अङ्क |

भौतिक सुविधा

| विवरण | विद्यालय प्रकार | विद्यार्थी संख्या अनुसार उपयुक्त कक्षाकोठा | कोठाहरुमा प्रकाश छिर्ने | कोठाहरुमा हावा खेल्न सक्ने | प्रत्येक कोठामा झ्यालढोकाको व्यवस्था | भवनको आफ्नो कम्पाउण्ड | शौचालय | खानेपानी | पुस्तकालय | जग्गा* | प्रयोगशाला | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | |
| सहरी | सामुदायिक | १० | १ | १ | २ | २ | २ | ३ | २ | ५ | २ | ३० |
| | संस्थागत | १० | १ | १ | १ | २ | २ | २ | २ | ७ | २ | ३० |
| ग्रामिण | सामुदायिक | १० | २ | २ | २ | २ | २ | २ | २ | ५ | १ | ३० |
| | संस्थागत | १० | १ | १ | १ | १ | १ | १ | २ | १० | २ | ३० |

* विद्यालयको नाममा भएको भए मात्र अङ्क दिन मिल्ने।

नोटः

१ प्रति विद्यार्थी प्रति कक्षाकोठा एक वर्गमिटर र सो भन्दा माथि भए पूर्णाङ्क नभए ०।

२ विद्यार्थीहरु सबैलाई लेख्न र पढ्न उपयुक्त प्रकाश भएको र कालोपाटीमा लेखेका कुरा प्रकाशका कारणले देख्न गाह्रो नभएको भए पूर्णाङ्क नभए ०।

३ cross ventilation भएकोमा पूर्णाङ्क नभए ०।

४ आवश्यकता अनुसार लगाउन र खोल्न हुने गरी बनाइएकोमा पूर्णाङ्क नभए ०।

५ पक्की कम्पाउण्ड भए पूर्णाङ्क, काँडे तार भए आधा अङ्क नभए ०।

६ विद्यार्थीका लागि सुरक्षित शौचालय २ वटा भए पूर्णाङ्क एउटा भए आधा अङ्क नभए ०।

७ विद्यार्थीका लागि निर्वाधरुपमा खानेपानीको व्यवस्था भए पूर्णाङ्क, ठीकै भए आधा अङ्क नभए ०।

८ ५०० भन्दा बढी पुस्तक भएको र पढ्ने ठाउँ समेत भएकोमा पूर्णाङ्क, नभएकोमा आधा अङ्क, सो भन्दा कम पुस्तक भएकोमा ०।

९ बी रोपनी भन्दा बढी भए पूर्णाङ्क, १५–२० रोपनी भए ६० प्रतिशत अङ्क, १०–१४ रोपनी भए ५० प्रतिशत अङ्क, ५–९ रोपनी भए ४० प्रतिशत अङ्क, १–४ रोपनी भए ३० प्रतिशत अङ्क र सो भन्दा कम भएमा ०।

१० विद्यार्थी बसेर प्रयोग गर्न सकिने प्रयोगशाला भएकोमा पूर्णाङ्क नभए ०।

२ शिक्षक

| विवरण | विद्यालय प्रकार | मापदण्डका आधार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आवश्यक न्यूनतम योग्यता भएको | तालिम प्राप्त को संख्या | प्र अ को विद्यालय कार्य अनुभव | माथिल्लो योग्यता भएको शिक्षक संख्या | शिक्षकको कूल दरवन्दी संख्या | महिला शिक्षिका संख्या | जम्मा |
| | | १ | २ | ३ | ४ | ५ | ६ | |
| सहरी | सामुदायिक | ५ | २ | ५ | ३ | २ | ३ | २० |
| | संस्थागत | ५ | ३ | ५ | ३ | २ | २ | २० |
| ग्रामीण | सामुदायिक | ७ | २ | ४ | २ | २ | ३ | २० |
| | संस्थागत | ५ | ४ | ४ | ३ | ३ | १ | २० |

१ १०० प्रतिशत शिक्षक आवश्यक न्यूनतम योग्यता पुगेका भए पूर्णाङ्क नभए ०।

२ ५० प्रतिशत शिक्षक भन्दा बढी शिक्षक शिक्षा नियमावली अनुसार पुरै तालिम प्राप्त भए पूर्णाङ्क नभए ०।

३ १० वर्षको लागि पूर्णाङ्क, ५–९ वर्ष सम्म आधा अङ्क, १–४ वर्ष सम्म ०।

४ प्रति शिक्षक एक अङ्कका दरले अधिकतम सम्म जाने।

५ दरवन्दी पूरा भएकोमा पूर्णाङ्क, नभए ०।

६	प्रति शिक्षिका १ अङ्कका दरले अधिकतम सम्म जाने।

३ विद्यार्थी संख्या

| विवरण | विद्यालय प्रकार | मापदण्डका आधार | | | |
|---|---|---|---|---|---|
| | | जम्मा विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात | छात्राको प्रतिशत | जम्मा |
| | | १ | २ | ३ | ४ |
| सहरी | सामुदायिक | ६ | २ | २ | १० |
| | संस्थागत | ६ | २ | २ | १० |
| ग्रामीण | सामुदायिक | ५ | २ | ३ | १० |
| | संस्थागत | ६ | २ | २ | १० |

नोटः

१	५०० भन्दा माथि पूर्णाङ्क, २००–५०० सम्म आधा अङ्क, सो भन्दा कम ०।

२	शिक्षक विद्यार्थी अनुपात १ : ४० भए पूर्णाङ्क, १: ६० भए आधा अङ्क, सो भन्दा बढी भए ० ।

३	५० प्रतिशत भन्दा माथि भए पूर्णाङ्क, ३० प्रतिशत सम्म भए आधा अङ्क, सो भन्दा कम भए ०।

४	शैक्षिक उपलब्धि

| | | मापदण्डका धार | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | विद्यालय प्रकार | प्राथमिक तह पूरा गर्ने विद्यार्थी प्रतिशत | कक्षा दोहोऱ्याउने दर | कक्षा छाड्नेको दर | प्रत्येक तहमा ६० प्रतिशत भन्दा बढी अङ्क ल्याइ उत्तीर्ण हुनेको प्रतिशत | जम्मा |
| | | १ | २ | ३ | ४ | |
| सहरी | सामुदायिक | ७ | ३ | ५ | ५ | २० |
| | संस्थागत | ७ | ३ | ५ | ५ | २० |
| ग्रामीण | सामुदायिक | ७ | ३ | ५ | ५ | २० |

शिक्षा मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संस्थागत | ७ | ३ | ५ | ५ | २० |

नोटः

१ कक्षा १ मा भर्ना भएका मध्ये १०० प्रतिशतले पूरा गरेकोमा ७, ८०–९९ भए ५, ६०–७९ भए ३, ४०–५९ भए १, सो भन्दा कम भएमा ०।

२ ० प्रतिशत भए ३, ५ प्रतिशत सम्म भए २, १० प्रतिशत सम्म भए १, सो भन्दा माथि ०।

३ ० प्रतिशत भए ५, ५ प्रतिशत भए ३, १० प्रतिशत भए १, सो भन्दा माथि ०।

४ ८० –१०० भए ५, ६०–७९ भए ३, ४०–५९ भए १, सो भन्दा कम भए ०।

५ विद्यालय सञ्चालन अवधिः प्रत्येक वर्षका लागि एक अङ्कका दरले अधिकतम १० अङ्क।

६ कूल खर्च

| विवरण | विद्यालय प्रकार | मापदण्डका आधार | | | | |
|---|---|---|---|---|---|---|
| | | तलव रकमको प्रतिशत | शैक्षिक सामग्रीमा लगानी भएको प्रतिशत | मर्मत सुधारमा गरेको लगानीको प्रतिशत | छात्रवृत्तिमा गरेको लगानीको प्रतिशत | जम्मा |
| | | १ | २ | ३ | ४ | |
| सहरी | सामुदायिक | ३ | १ | ३ | ३ | १० |
| | संस्थागत | ३ | २ | ३ | ३ | १० |
| ग्रामीण | सामुदायिक | ३ | १ | ३ | ३ | १० |
| | संस्थागत | ३ | १ | ३ | ३ | १० |

नोटः

१ ७० प्रतिशत सम्म भए ३, बढी भए ० ।

२ १० प्रतिशत र बढी भए पूर्णाङ्क, नभए ०।

३ १० प्रतिशत र बढी भए पूर्णाङ्क, नभए ०।

४ तोकिएको प्रतिशत पूरा गरेको भए पूर्णाङ्क, नभए ०।

शिक्षा मन्त्रालय

अनुसूची नं २.१

शुल्क निर्धारणका आधारहरु

खर्च लागत (Cost Recovery) प्रणालीको सुत्र

| | | |
|---|---|---|
| क | शिक्षक कर्मचारी पारिश्रमिक रकम | A |
| ख | अन्य खर्चः | B |
| I | विद्यालय सञ्चालन र व्यवस्थापन खर्च रकम | |
| II | सामग्री र मर्मत खर्च रकम | |
| III | भैपरी आउने खर्च रकम | |
| ग | सामुदायिक विद्यालयको जम्मा(A+B) | C |
| घ | ओभरहेड(P) (संस्थागत विद्यालयको हकमा मात्र) | D |
| ङ | संस्थागत विद्यालयको जम्मा (C+D) | T |

- शिक्षक र कर्मचारी संख्या शिक्षा नियमावलीमा तोकिएको विद्यार्थी सीमाको अनुपातमा हुनेछ र तिनीहरुको पारिश्रमिक प्रचलित कानून अनुसार हुनेछ।
- संस्थागत विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिले निमावि र मावि तहमा ५० प्रतिशत सम्म थप शिक्षक नियुक्त गर्न सक्नेछ। तर यसो गर्दा शिक्षक विद्यार्थी अनुपात १:४० भन्दा कम हुने गरी गर्न पाइने छैन।
- संस्थागत विद्यालयहरुले प्र अ र शिक्षक तलवमा थप २५ प्रतिशत थप दिन सक्नेछन्।
- विद्यार्थी सङ्ख्या = N
- प्रति विद्यार्थी औसत शुल्क =T/N( कक्षागत शुल्क समानुपातिक हुनेछ)
- विद्यालयको श्रेणीगत विभाजन अनुसार ओभरहेड दर (P) फरक हुनेछ।(क श्रेणी २० प्रतिशत, ख श्रेणी १५ प्रतिशत र ग श्रेणी १० प्रतिशत)

अनुसूची २.२

गुणात्मक शिक्षा प्रदान गर्न आवश्यक पर्ने प्रति विद्यार्थी लागत खर्चको सूत्र

| क्र.सं | शीर्षक | प्रतिशत गणना सामुदायिक विद्यालय | संस्थागत विद्यालय | | |
|---|---|---|---|---|---|
| | | | क श्रेणी | ख श्रेणी | ग श्रेणी |
| १ | शिक्षक कर्मचारी तलब | जम्मा खर्चको ७० प्रतिशत गणना गर्ने | जम्मा खर्चको ६० प्रतिशत | जम्मा खर्चको ६५ प्रतिशत | जम्मा खर्चको ७० प्रतिशत |
| २ | विद्यालय सञ्चालन, व्यवस्थापन सामग्री, छात्रवृत्ति, मर्मत, भैपरी आउने, भाडा आदि | जम्मा खर्चको ३० प्रतिशत | जम्मा खर्चको २० प्रतिशत | जम्मा खर्चको २० प्रतिशत | जम्मा खर्चको २० प्रतिशत |
| ३ | संस्थागत विकास खर्च | | जम्मा खर्चको २० प्रतिशत | जम्मा खर्चको १५ प्रतिशत | जम्मा खर्चको १० प्रतिशत |

नोटः

१ सबैभन्दा पहिला शिक्षा नियमावली अन्तर्गत तोकिएको शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षकको तलब रकम निर्धारण गर्ने। तलब रकम श्री ५ को सरकारले तोके अनुसार गर्ने।

२ सञ्चयकोषको लागि लाग्ने रकम गणना गर्ने।

३ प्र.अ.को लागि १० प्रतिशत भत्ता गणना गर्ने।

४ प्राविका लागि १ पियन र माविका लागि भए एक खरिदार र एक पियनको तलब रकम गणना गर्ने।

५ खरदार र पियनको रकम गणना गर्दा करार सेवाको रुपमा मात्र गणना गर्ने।

६ माथि एक देखि ५ सम्मको जम्मा रकमलाई विद्यालय खर्चको तोकिएको प्रतिशत मान्ने । (उदाहरणको लागि संस्थागत भए ६० देखि ७० र सामुदायिक भए ७५ प्रतिशत)

७ यसैका अनुपातमा तालिकाको २ नं र ३ नं का खर्च निकाल्ने।

८ यो खर्चलाई विद्यार्थी संख्याले भाग गरी प्रति विद्यार्थी लागत निकाल्ने।

९ श्री ५ को सरकारको अनुदान पाउने विद्यालयले जम्मा खर्चबाट सो अनुदान कटाई बाँकी हुन आउने खर्चलाई जम्मा विद्यार्थी संख्याले भाग गरी प्रति विद्यार्थी वार्षिक शुल्क हिसाव गर्ने। यसैको आधारमा प्रति विद्यार्थी मासिक शुल्क निर्धारण गर्ने।

१० अनुदान नपाउने विद्यालयहरुले जम्मा खर्चलाई जम्मा विद्यार्थी संख्याले भाग गरी कूल हुन आउने रकमको आधारमा प्रति विद्यार्थी प्रति महिना शुल्क निर्धारण गर्ने।

११ प्रति वर्ष नेपाल राष्ट्र बैंकले निकाल्ने प्रतिवदेनलाई आधार मानी मूल्य वृद्धिको अनुपातमा शुल्क वृद्धिको अनुपात निकाल्ने।

शिक्षा मन्त्रालय

३ विद्यालयहरुले विद्यार्थीहरुबाट निम्नानुसारको शीर्षकमा शुल्क लगाउन सक्नेछन्ः

| | अनिवार्य शीर्षक | ऐच्छिक शीर्षक |
|---|---|---|
| क | मासिक पढाइ शुल्क | यातायात |
| ख | परीक्षा शुल्क | कम्प्यूटर शिक्षा |
| ग | खेलकुद शुल्क | जुडो,कराँते, पौडी, घोडचडी, गायन नृत्य |
| घ | पुस्तकालय शुल्क | अध्ययन भ्रमण |
| ङ | गरिब छात्रवृत्ति  शुल्क | छात्रावास शुल्क |
| च | प्रयोगशाला शुल्क | |

नोटः

१ ऐच्छिक शीर्षकहरुमा सुविधालाई हेरी सुविधा उपभोग गर्ने विद्यार्थीहरुबाट मात्र शुल्क उठाउन सकिनेछ।

२ यसबाहेकका अन्य शीर्षकहरुमा कुनै पनि प्रकारको शुल्क विद्यार्थीहरुबाट उठाउन पाइनेछैन। ख देखि च सम्मका अनिवार्य शीर्षकमा प्रति वर्ष प्रति विद्यार्थी जम्मा मासिक पढाइ शुल्कको ३ महिनाको भन्दा बढी रकम उठाउन पाइने छैन।

३ सामुदायिक निम्न माध्यमिक र माध्यमिक तथा संस्थागत विद्यालयमा सुरु भर्ना हुँदा मासिक शुल्कमा नबढ्ने गरी भर्ना शुल्क लिन पाइनेछ।

४ संस्थागत विद्यालयको हकमा मासिक पढाइ शुल्कले हुने कूल वार्षिक रकमको २५ प्रतिशत धरौटी(Deposit) रकम विद्यार्थीहरुबाट उठाउन सकिनेछ र उक्त रकम विद्यार्थीले विद्यालय छाडेमा तुरुन्तै फिर्ता गर्न सुनिश्चित गरिनु पर्ने छ।

५ सामुदायिक वा संस्थागत विद्यालयले शुल्क दर निर्धारण गर्दा तोकिएको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णयले निर्धारण गरी जिल्ला शिक्षा कार्यालयको स्वीकृति प्राप्त गरी मात्र रकम उठाउन सकिनेछ।

६ विद्यार्थीहरुबाट उठाइएको रकम जुन शीर्षकमा उठाइएको हो सोही शीर्षकमा खर्च गर्नुपर्ने छ।

अनुसूची ४.१

पाठ्यक्रम ढाँचा तथा पाठ्यभार

वर्तमान पाठ्यक्रम ढाँचा तथा पाठ्यभार निम्नानुसार रहेको छ।

क प्रावि(१-५)

| क्र.सं | विषयहरु | कक्षा १ | | कक्षा २ | | कक्षा ३ | | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | पा. भा | पू. | पा. भा | पू. | पा. भा | पू. | पा. भा | पू. | पा. भा | पू. |
| १ | नेपाली | १० | १५० | १० | १५० | १० | १५० | ८ | १०० | ८ | १०० |
| २ | गणित | ८ | १५० | ८ | १५० | ८ | १५० | ६ | १०० | ६ | १०० |
| ३ | अंग्रेजी | | | | | | | ५ | १०० | ५ | १०० |
| ४ | सामाजिक तथा वातावरण शिक्षा (स्वास्थ्य शिक्षा समेत समावेश भएको) | ६ | १०० | ६ | १०० | ६ | १०० | | | | |
| ५ | शारीरिक शिक्षा | ४ | ५० | ४ | ५० | ४ | ५० | ३ | ५० | ३ | ५० |
| ६ | सिर्जनात्मक कला तथा अभिव्यक्ति | ३ | ५० | ३ | ५० | ३ | ५० | ३ | ५० | ३ | ५० |
| ७ | वातावरण तथा स्वास्थ्य शिक्षा | | | | | | | ६ | १०० | ६ | १०० |
| ८ | सामाजिक शिक्षा | | | | | | | ५ | १०० | ५ | १०० |
| ९ | अतिरिक्त भाषा/अन्य | ३ | १०० | ३ | १०० | ३ | १०० | ३ | १०० | ३ | १०० |

पा.भा.=पाठ्यभार पू=पूर्णाङ्क

ख) निमावि (६-८)

| क्र.सं | विषयहरु | सामान्य निमावि | | संस्कृति मावि | | वेद विद्याश्रम संस्कृत निमावि | |
|---|---|---|---|---|---|---|---|
| | | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क | पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ५ | १०० | ५ | १०० | ५ | १०० |
| २ | गणित | ६ | १०० | ६ | १०० | ६ | १०० |
| ३ | अंग्रेजी | ६ | १०० | ६ | १०० | | |
| ४ | सामाजिक शिक्षा | ६ | १०० | ३ | ५० | ३ | ५० |
| ५ | विज्ञान | ६ | १०० | ५ | १०० | | |
| ६ | स्वास्थ्य तथा शारीरिक शिक्षा | ३ | ५० | ३ | ५० | | |
| ७ | संस्कृत | ३ | ५० | | | | |
| ८ | जनसंख्या तथा | ३ | ५० | ३ | ५० | ३ | ५० |

शिक्षा मन्त्रालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | वातावरणीय शिक्षा | | | | | | |
| ९ | कला तथा पूर्व व्यावसायिक शिक्षा | ३ | ५० | | | | |
| १० | संस्कृत व्याकरण तथा अनुवाद | | | ५ | १०० | ६ | १०० |
| ११ | संस्कृत भाषा | | | ३ | ५० | ५ | १०० |
| १२ | वेद तथा नीति शास्त्र | | | | | ६ | १०० |
| १३ | कर्मकाण्ड तथा ज्योतिष विज्ञान | | | | | ५ | १०० |
| | जम्मा | ३९ | ७०० | ३९ | ७०० | ३९ | ७०० |

ग) माध्यमिक तहः (९-१०)

| क्र.सं | विषयहरु | पाठ्यभार | पूर्णाङ्क |
|---|---|---|---|
| १ | नेपाली | ५ | १०० |
| २ | अंग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | विज्ञान | ५ | १०० |
| ५ | सामाजिक शिक्षा | ५ | १०० |
| ६ | स्वास्थ्य जनसंख्या तथा वातावरण | ४ | १०० |
| ७ | अतिरिक्त प्रथम पत्र | ५ | १०० |
| ८ | अतिरिक्त दोस्रो पत्र | ५ | १०० |
| | जम्मा | ३९ | ८०० |

शिक्षा मन्त्रालय

अनुसूची ४.२

प्राविधिक/व्यावसायिक शिक्षाको पाठ्यक्रम

माध्यमिक तहको प्राविधिक/व्यावसायिक धारको पाठ्यक्रम देहाय बमोजिम प्रस्ताव गरिएको छ।

| मूल विषय | पूर्णाङ्क | प्राविधिक/व्यावसायिक विषय | पूर्णाङ्क |
|---|---|---|---|
| अंग्रेजी | १०० | प्राविधिक व्यावसायिक I | १०० |
| नेपाली | १०० | प्राविधिक/व्यावसायिक II | १०० |
| सामाजिक | १०० | प्राविधिक/व्यावसायिक III | १०० |
| सामान्य विज्ञान | १०० | | |
| सामाजिक शिक्षा | १०० | जम्मा | ८०० |

शिक्षा मन्त्रालय

अनुसूची ८.१

प्रधानाध्यापक छनोटका आधारहरु

प्रधानाध्यापक छनोटका आधारहरु निम्नानुसार हुनेछन्

| | | |
|---|---|---|
| १ | योग्यता | ३० अङ्क |
| २ | शिक्षण अनुभव | ३० अङ्क |
| ३ | तालिम | २० अङ्क |
| ४ | नेतृत्व लिने क्षमता | १० अङ्क |
| ५ | समुदाय सम्बन्ध क्षमता | १० अङ्क |
| | जम्मा | १०० अङ्क |

नोटः

१ न्यूनतम शैक्षिक योग्यताका लागि १० अङ्क र माथिल्लो शैक्षिक योग्यताका लागि २० अङ्क हुनेछ। माथिल्लो शैक्षिक योग्यतामा प्रथम श्रेणी भए २०, द्वित्तीय श्रेणी भए १५ र तृतीय श्रेणी भए १० अङ्क दिइनेछ।

२ शिक्षण अनुभवमा प्रतिवर्ष २ अङ्कका दरले अधिकतम ३० अङ्क हुनेछ।

३ जुन तहको लागि प्र.अ. हुने हो सो तहका लागि तोकिएको तालिम भए २० अङ्क र नभए ०। तर उक्त तालिम एक महिना भन्दा घटीको हुनुहुँदैन।

४ नेतृत्व लिने क्षमता बापतको अङ्क विद्यालय व्यवस्थापन समितिले विद्यालयका शिक्षकहरु मध्येबाट उत्कृष्ठ नेतृत्व दिने क्षमता भएकालाई प्रदान गर्नेछ।

५ समुदाय सम्बन्ध क्षमता बापतको अङ्क विद्यालय व्यवस्थापन समितिले विद्यालयका शिक्षकहरुमध्येबाट उत्कृष्ठ नेतृत्व दिने क्षमता भएकालाई प्रदान गर्नेछ।

६ घ र ङ बापतको अङ्क विद्यालय व्यवस्थापन समितिमा प्रधानाध्यापक बाहेक अरु सदस्यहरुले गोप्यरुपमा मूल्याङ्कन गरी अन्तमा सबैको अङ्क जोडी निकालिएको औसत अङ्कलाई मानिनेछ।

शिक्षा मन्त्रालय

अनुसूची ११.१

सङ्गठनको संरचना र जवाफदेहीताको सारांश

संगठनको संरचना र जवाफदेहीताको सारांश तालिक निम्नानुसार रहनेछ।

| को | को प्रति | कसरी |
|---|---|---|
| शिक्षक | प्रधानाध्यापक | शिक्षकको नियमितता र शैक्षणिक पक्षको मूल्याङ्कन गरी दण्ड र पुरस्कारको व्यवस्था गरेर। |
| प्र अ | विद्यालय व्यवस्थापन समिति | नियमानुसार कार्य नगरे दण्डका लागि जिशिकामा पठाउने व्यवस्था गरेर। |
| | प्राविधिक पक्षा जिशिअ | प्रचलित ऐन अनुसार  दण्ड र पुरस्कारको व्यवस्था गरेर। |
| विव्यस | जिशिअ | तोकिएको जिम्मेवारी वहन नगर्ने विव्यस वा यसका सदस्यहरुलाई निलम्बन, जरीवाना वा विद्यालय अनुमति खारेज गरेर। |
| | सञ्चालक बोर्ड(संस्थागत) | विद्यालय व्यवस्थापन समिति जिम्मेवार नभएको अवस्थामा विद्यालय चार्टर र संस्थाको विधान बमोजिम कार्वाही गर्ने। |
| जिशिअ | शिक्षा विभाग | कार्य सम्पादन मूल्याङ्कन शिक्षा विभागको महानिर्देशकबाट गराएर। |
| क्षेत्रीय शिक्षा निर्देशक | शिक्षा विभाग | कार्य सम्पादन मूल्याङ्कन शिक्षा विभागको महानिर्देशकबाट गराएर। |
| शिक्षा विभाग | मन्त्रालय | शिक्षा विभागको महानिर्देशकको कार्य सम्पादन मूल्याङ्कन शिक्षा सचिवबाट गराएर। |
| मन्त्रालय | मन्त्रीपरिषद् | प्रचलित कानुन अनुसार |

शिक्षा मन्त्रालय

अनुसूची १५.१

नियमितताको रुपरेखाको कार्यान्वयन र अनुगमनको संयन्त्र

नियमितताको रुपरेखाको कार्यान्वयन र अनुगमन संयन्त्र देहाय अनुसार हुनेछः

१ राष्ट्रिय शिक्षा समितिले प्रत्येक वर्ष नियमितताको रुपरेखाको पुनरावलोकन गर्न सुझाव पेश गर्न उपसमिति गठन गर्नेछ। उक्त उपसमितिले सम्बन्धित सबै पक्षा सँग छलफल, अन्तरक्रिया र स्थलगत अध्ययनको आधारमा प्रतिवेदन पेश गर्नेछ।

२ उक्त उपसमितिको प्रतिवेदन समितिमार्फत शिक्षा तथा खेलकुद मन्त्रालयमा कार्यान्वयनका लागि पेश हुनेछ।शिक्षा तथा खेलकुद मन्त्रालयले प्रतिवेदनका सुझावहरुलाई अध्ययन गरी नियमितताको रुपरेखाका बारेमा रुपरेखाको पुनरावलोकन गरी सम्बन्धित सबैलाई जानकारी गराउनेछ।

३ जिल्लास्तरमा पनि जिल्ला शिक्षा समितिबाट जिल्लाभरिको निमाविको र माविको नियमितताको रुपरेखाको कार्यान्वयनको स्थितिको मूल्याङ्कन गर्न र कुन पक्षबाट के कस्ता कमजोरीहरु रहे सो को उल्लेख गरी प्रतिवेदन तयार गर्न एक कार्यदल गठन गरिने छ।र उक्त कार्यदलले विद्यालय निरीक्षकको समेत सिफारिसको अध्ययन गरी प्रतिवेदन तयार गर्नेछ र कार्यान्वयन गर्न जिल्ला शिक्षा कार्यालयमा पेश गर्नेछ।

४ गाउँ/नगर वडा शिक्षा समितिले आफ्नो क्षेत्रभित्रको प्राथमिक विद्यालयको नियमितताको रुपरेखाको कार्यान्वयनको स्थितिको मूल्याङ्कन गर्न र कुन पक्षबाट के कस्ता कमजोरीहरु रहे सो को उल्लेख गरी प्रतिवेदन तयार गर्न एक कार्यदल गठन गरिनेछ र उक्त कार्यादलले सुझाव सहितको सिफारिसको अध्ययन प्रतिवेदन कार्यान्वयन गर्न विद्यालय निरीक्षकलाई प्रदान गर्नेछ।

५ विद्यालय व्यवस्थापन समितिले नियमितताको रुपरेखाको कार्यान्वयन के कति पूरा भएको हो र के कति पूरा गर्न नसकिएको हो सो को कारण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला शिक्षा कार्यालयमा पठाउनेछ।

६ विद्यालय निरीक्षकले तोकिएको ढाँचामा नियमित रुपरेखाको अनुगमन सम्बन्धित कार्यालयमै गई अनुगमन गर्नेछ।

शिक्षा मन्त्रालय

अनुसूची १५.२

नयाँ खोल्ने विद्यालयको लागि आवश्यक दूरीको मापदण्ड

| क्षेत्र | ग्रामिण | शहरी |
|---|---|---|
| हिमाली | ४ किमी | ३ किमि |
| पहाड | ३ किमि | २ किमि |
| उपत्यका | १ किमि | ५ किमि |
| तराइ | २ किमि | १ किमि |

शिक्षा मन्त्रालय

अनुसूची नं १५.३

विद्यालय अनुमतिका लागि जनसंख्या र विद्यालयको आधार

| विद्यालयको तह | हिमाली | पहाडी | तराइ | उपत्यका |
|---|---|---|---|---|
| प्राथमिक | १०० घरधुरी | २०० घरधुरी | २५० घरधुरी | ३०० घरधुरी |
| निम्नमाध्यमिक | ३ प्राथमिक विद्यालय | ४ प्राथमिक विद्यालय | ५ प्राथमिक विद्यालय | ६ प्राथमिक विद्यालय |
| माध्यमिक | २ निम्न माध्यमिक विद्यालय | ३ निम्न माध्यमिक विद्यालय | ३ निम्न माध्यमिक विद्यालय | ४ निम्न माध्यमिक विद्यालय |

शिक्षा मन्त्रालय